# गाउँपालिका वस्तुगत विवरण
## (Rural Municipal Profile)

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक
## २०८०

बेथानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल
२०८१

बेथानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,

# ढुंखर्क, काभ्रेपलाञ्चोक
# बागमती प्रदेश, नेपाल

## हार्दिक धन्यवाद ।

राज्यको नयाँ संरचना अनुसार साविकमा गाविस अन्तर्गतका जनसंख्या, आर्थिक, सामाजिक, श्रोत र साधनहरु समेतको अवस्थामा परिवर्तन भएको छ । अधिकार निक्षेपणको आधारले नयाँ कायम भएका स्थानीय तह नै स्थानीय सरकार बनेका छन् । यद्यपि नयाँ संरचनाका स्थानीय तहहरुमा भरपर्दो, आधिकारिक र पर्याप्त सूचना र तथ्याङ्कहरुको अभिलेख उपलब्ध हुन सकिरहेको थिएन ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे अनुसार हरेक स्थानीय तहले वस्तुगत विवरण तयार गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ।यसै परिप्रेक्ष्यमा बेथानचोक गाउँपालिकाले सेन्टर फर कल्याइमेट एण्ड इन्भाईरोमेन्ट रिसर्च (सी.सी.इ.आर.) को प्राविधिक सहयोगमा यस बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयार गरेको छ । गाउँपालिकाको सूचना तथा विवरणमा सबैको पहुँच पुग्न सकोस् र सहजरुपमा सूचनाहरु प्राप्त होस् भन्ने उद्देश्यका साथ यस वस्तुगत विवरणमा भएका सूचनाहरू गाउँपालिकाको ड्यास बोर्ड तयार गरी सार्वजनिक गरिएको छ।

यस बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयारी प्रकृयामा सहयोग गर्नुहुने कार्यपालिका सदस्यज्यूहरु, गाउँपालिकाका सम्पूर्ण वडाका जननिर्वाचित प्रतिनिधिज्यूहरु, गाउँपालिकाका कर्मचारी, राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी, तथ्याङ्क संकलकनका लागि घरघरमा गई पारिवारीक सूचना संकलन गर्न खटिनु भएका गणकहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु।

अन्त्यमा, यस बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तथा ड्यास बोर्ड तयारीका सम्पूर्ण प्रकृयामा सहयोग उपलब्ध गराउनुहुने सहयोगी संस्था सेन्टर फर कल्याइमेट एण्ड इन्भाईरोमेन्ट रिसर्च लाई बेथानचोक गाउँपालिका हार्दिक धन्यवाद प्रकट गर्दछ ।

...............

भगवान अधिकारी

अध्यक्ष

बेथानचोक गाउँपालिका,काभ्रेपलाञ्चोक

२०८०

# विषयसूची


परिच्छेद १: परिचय........................................................................................१

१.१ पृष्ठभूमि ........................................................................................१

१.२ उद्देश्य........................................................................................२

१.३ कानुनी तथा नीतिगत आधारहरू........................................................................२

१.४ वस्तुगत विवरण तयारीका चरण ........................................................................४

१.४.१ वस्तुगत विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी (प्रथम चरण)......................४

१.४.२ वस्तुगत विवरण तयारी कार्यशाला (द्धितीय चरण)..............................................५

१.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन..................................५

१.४.४ तथ्याङ्क संकलन (तेस्रो चरण) ........................................................................६

१.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्सा तयारी (चौथौ चरण) ......................७

१.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी (पाचौं चरण)...............................................८

१.४.७ वस्तुगत विवरण सुझाव संकलन (छैटौं चरण)...................................................८

१.४.८ गाउँ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी (सातौं चरण) ..............................८

१.५ वस्तुगत विवरणको सीमा ........................................................................९

परिच्छेद २: गाउँपालिकाको चिनारी........................................................................१०

२.१ भौगोलिक अवस्थिति........................................................................१०

२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........................................................................११

२.३ राजनीतिक अवस्थिति........................................................................१२

२.४ प्राकृतिक सम्पदा........................................................................१३

२.५ साँस्कृतिक उत्कृष्टता........................................................................१३

२.६ विकासका संभावनाहरू........................................................................१३

२.७ ग्राहस्थ उत्पादन........................................................................१४

२.८ मानव विकास सूचकाङ्क........................................................................१४

परिच्छेद ३ : पारिवारिक विवरण तथा जनसंख्याको अवस्था..................................................१५

३.१ वस्ति र घरपरिवार विवरण........................................................................१५

३.२ जनसंख्या वितरणको अवस्था ........................................................................................................१५
३.३ उमेरको आधारमा जनसंख्या विवरण ..........................................................................................१६
३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण.....................................................................................१६
३.५ धर्म अनुसार जनसंख्या विवरण.....................................................................................................१७
३.६ जातिगत आधारमा जनसंख्या विवरण...........................................................................................१८
३.७ घरमुलीको विवरण .....................................................................................................................१९
३.८ पेशाका आधारमा जनसंख्या विवरण ...........................................................................................२०
३.९ अपागंताको आधारमा जनसंख्या विवरण......................................................................................२१
३.१० स्थानीयको स्वास्थ्य अवस्था .....................................................................................................२२
३.११ स्थानीयको दीर्घ रोगको प्रकार....................................................................................................२२
३.१२ बसाईंसराई सम्बन्धी विवरण .....................................................................................................२३
३.१३ व्यक्तिगत घटना सम्बन्धी विवरण...............................................................................................२४
३.१४ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण.......................................................................२४
परिच्छेद ४ः आर्थिक अवस्था..............................................................................................................२५
४.१ प्रमुख आर्थिक विवरण ..............................................................................................................२५
४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण ...........२५
४.१.२ औषत आम्दानी विवरण.............................................................................................२७
४.१.३ खाद्य सुरक्षाको अवस्था.............................................................................................२७
४.१.४ आवास संरचना विवरण .............................................................................................२८
४.१.५ गरिबीको दर (गरिबीको रेखामुनी रहेको जनसंख्या)..........................................२९
४.१.६ बेरोजगार सम्बन्धी विवरण .........................................................................................३०
४.१.७ वैदेशिक रोजगारी सम्बन्धी विवरण ..............................................................................३०
४.१.८ भोगचलन अनुसार घरजग्गाको स्वामित्व सम्बन्धी विवरण................................३१
४.२ भू उपयोग तथा स्वामित्व..........................................................................................................३१
४.२.१ वर्तमान भू-उपयोग ...................................................................................................३१
४.३ कृषि तथा पशुपालन...................................................................................................................३२

४.३.१ मौरीपालन सम्बन्धी विवरण............................................................................३२

४.३.२ सिंचाईको स्रोत सम्बन्धी विवरण.......................................................................३२

४.३.३ कृषि उत्पादन सम्बन्धी विवरण.........................................................................३३

४.३.४ पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरण..............................................................३५

४.३.५ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा..............................................................३६

४.३.६ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किरा......................................................३६

४.३.७ पशु पन्छिमा लाग्ने रोग तथा किरा.....................................................................३७

४.३.८ व्यावसायिक कृषि फर्म सम्बन्धी विवरण..............................................................३७

४.३.९ कृषि तथा पशुपालनसँग सम्बन्धित मानव संशाधन.................................................३९

४.३.१० संकलन केन्द्र तथा चिस्यान केन्द्र....................................................................३९

४.३.११ कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण.......................................................४०

४.४.१ पर्यटकीय स्थलहरूको विवरण............................................................................४०

४.५ बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण.................................................................४२

४.५.१ लघु वित्त संस्था सम्बन्धी विवरण.....................................................................४२

४.५.२ सहकारी, बचत तथा ऋण समूह सम्बन्धी विवरण...................................................४३

परिच्छेद ५ : सामाजिक अवस्था...................................................................................४७

५.१ शैक्षिक तथा मानव संशाधन विकास.........................................................................४७

५.१.१ चार वर्ष भन्दा माथिको साक्षरता विवरण.............................................................४७

५.१.२ चार वर्ष र सो भन्दा माथिको शैक्षिक अवस्था.......................................................४८

५.१.३ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रा छात्रको विवरण...................................४९

५.१.४ विद्यालय शान्ति क्षेत्र र विद्या सुधार योजना विवरण.............................................५२

५.१.५ छात्रवृत्ती तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था........................................५२

५.२ स्वास्थ्य तथा पोषण..............................................................................................५३

५.२.१ स्वास्थ्य संस्थाको विवरण.................................................................................५३

५.२.२ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू...............................................................५४

५.३ खानेपानी तथा सरसफाइ.........................................................................................५६

५.३.१ खानेपानीको स्रोतको विवरण ..... ५६
५.३.२ शौचालय प्रयोगको अवस्था ..... ५६
५.३.३ फोहोरमैला व्यवस्थापन ..... ५७
५.३.४ ढल व्यवस्थापन ..... ५८
५.४ महिला, बालबालिका तथा सामाजिक समावेशिकरण ..... ५८
५.४.१ लिंग, अनुसार बाल विवाह (१८ वर्ष मुनिका) ..... ५८
५.५ युवा तथा खेलकुद र मनोरञ्जन ..... ५८
५.५.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण ..... ५८
५.५.२ व्यावसायिक खेलाडीको विवरण ..... ५९
५.५.३ युवाक्लव सम्बन्धी विवरण ..... ५९
५.६ कला, भाषा तथा संस्कृति ..... ५९
५.६.१ धार्मिक तथा ऐतिहासिक स्थल ..... ५९
५.६.२ स्थानीय चाडपर्व जात्रा र मेला ..... ६०
५.७ शान्ति तथा सुरक्षाको अवस्था ..... ६१
परिच्छेद ६ः वन तथा वातावरणीय स्थिति ..... ६२
६.१ वन क्षेत्रको अवस्था ..... ६२
६.१.१ वन क्षेत्र र प्रकार सम्बन्धी विवरण ..... ६२
६.१.२ वन व्यवस्थापन सम्बन्धी विवरण ..... ६२
६.१.३ वृक्षारोपणका लागि खाली स्थान सम्बन्धी विवरण ..... ६३
६.१.४ वनजन्य उत्पादन विवरण ..... ६३
६.१.५ जडिबुटिको उत्पादन, संकलन तथा निकासी सम्बन्धी विवरण ..... ६३
६.२ जलस्रोत तथा जलाधार क्षेत्र ..... ६४
६.३ जैविक विविधता र वातावरणीय सेवा ..... ६४
६.३.१ बासस्थानको आधारमा महत्वपूर्ण जनावर ..... ६४
६.३.२ महत्वपूर्ण वनस्पति विवरण ..... ६५
६.३.३ राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र ..... ६७

६.४ विपद् जोखिम व्यवस्थापन ....... ६७
६.४.१ जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण ....... ६७
६.४.२ विपद्/प्रकोपबाट विगत एक वर्षमा भएको मानवीय क्षतिको विवरण ....... ६७
६.४.३ विपदको किसिम अनुसार जोखिमको समय ....... ६७
६.४.४ विपदबाट क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधार विवरण ....... ६८
६.४.५ विपद व्यवस्थापनको पूर्व तयारी ....... ६८
६.४.६ आपतकालीन यातायात साधन सम्बन्धी विवरण ....... ६८
६.४.७ खुला क्षेत्र सम्बन्धी विवरण ....... ६९
परिच्छेद ७ : भौतिक विकासको अवस्था ....... ७०
७.१ यातायात पूर्वाधार ....... ७०
७.१.१ सडक संजालको विद्यमान अवस्था ....... ७०
७.१.२ गाउँस्तीय सडकहरू ....... ७०
७.१.३ गाउँ नगर क्षेत्र भित्र चल्ने सवारी साधन र रुट ....... ८३
७.१.६ घरधुरीमा रहेका सवारीसाधन सम्बन्धी विवरण ....... ८३
७.१.७ सडक पहुँचमा भएका घरधुरीहरू ....... ८४
७.२ विद्युत तथा वैकल्पिक ऊर्जा ....... ८४
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार) ....... ८४
७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ....... ८५
७.२.३ जलविद्युत, सौर्य, वायू ऊर्जाबाट विद्युत उत्पादन विवरण ....... ८५
७.२.४ विद्युत उपलब्ध घरपरिवार विवरण ....... ८५
७.३ संचार तथा प्रविधि ....... ८६
७.३.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण ....... ८६
७.३.२ दुरसंचार सम्बन्धी विवरण ....... ८६
७.४ आवास तथा भवन ....... ८६
७.४.१ विद्यमान सतह ढलको अवस्था ....... ८६
७.४.२ छानोको प्रकारका आधारमा घरधुरी ....... ८७

७.४.३ गाउँपालिका भित्र रहेका सरकारी/सामुदायिक भवन सम्बन्धी विवरण................८७
७.४.४ पशु वधशालाको विवरण................................................................८८
७.४.५ शवदाहस्थल सम्बन्धी विवरण.........................................................८८
परिच्छेद ८ः संस्थागत तथा सुशासनको स्थिति.............................................८९
८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था.........................................८९
८.१.१ गाउँपालिकाको संगठनात्मक ढाँचा..................................................९०
८.१.२ गाउँपालिका कार्यपालिकाको विषयगत शाखा तथा मानव संशाधन.....................९०
८.१.३ गाउँपालिका स्थित सरकारी कार्यालय तथा निकायहरू......................................९१
८.१.४ गाउँपालिकाको आर्थिक वर्षको बजेट तथा खर्च.................................................९३
८.२ संस्थागत सम्बन्ध र नागरिक संगठन.......................................................९६
८.२.१ गैससको विवरण र वार्षिक बजेट.......................................................९६
८.४ ऐन, नीति, नियम र कार्यप्रणाली.........................................................९७
८.४.१ गाउँपालिका ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरू................................९७
८.४.२ गाउँपालिका कार्यालयमा हाल कार्यरत कर्मचारी............................................१००
अनुसुचीहरू.......................................................................................१०१
अनुसुची १: वडा स्तरीय तथ्यांक संकलन सम्बन्धी तालिमका सहभागीहरू.........................१०१
अनुसूची २: वस्तुगत विवरण तयारी कार्यमा परिचालित विशेषज्ञहरूको नामावली................१०१

# तालिका


तालिका १:गाउँपालिकाको राजनीतिक विभाजन........................................ १२

तालिका २: मानव विकास सूचक........................................ १४

तालिका ३: वडागत वस्ति तथा घरपरिवार विवरण........................................ १५

तालिका ४: वडागत आधारमा जनसंख्या वितरण........................................ १६

तालिका ५: उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या विवरण........................................ १६

तालिका ६: मातृभाषा अनुसारको जनसंख्या विवरण........................................ १७

तालिका ७: धर्मअनुसारको जनसंख्या विवरण........................................ १७

तालिका ८: जातिगत आधारमा जनसंख्या........................................ १८

तालिका ९: लिङ्गका आधारमा घरमुली विवरण........................................ १९

तालिका १०: पेशागत जनसंख्याको विवरण........................................ २०

तालिका ११: अपाङ्गताको आधारमा जनसंख्या विवरण........................................ २१

तालिका १२: बेथानचोक गाउँपालिकाको स्थानीयको स्वास्थ्य अवस्था........................................ २२

तालिका १३: स्थानीयको दीर्घ रोगको प्रकार........................................ २२

तालिका १४: बसाईंसराई सम्बन्धी विवरण........................................ २३

तालिका १५: व्यक्तिगत घटना सम्बन्धी विवरण........................................ २४

तालिका १६: वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण........................................ २४

तालिका १७: प्राविधिक सीपमुलक तालिम लिएका जनशक्तिको विवरण........................................ २६

तालिका १८: मासिक आम्दानी विवरण........................................ २७

तालिका १९: खाद्यान्न सुरक्षाको अवस्था........................................ २७

तालिका २०: आवास संरचना विवरण........................................ २८

तालिका २१: घरहरू छतको किसिम........................................ २८

तालिका २२: घरहरूको स्वामित्व........................................ २९

तालिका २३: गरिबीको दर........................................ २९

तालिका २४: बेरोजगार सम्बन्धी विवरण........................................ ३०

तालिका २५: वैदेशिक रोजगारी सम्बन्धी विवरण ........................................ ३०
तालिका २६: भोगचलन अनुसार घरजग्गाको स्वामित्व सम्बन्धी विवरण ........................ ३१
तालिका २७: वर्तमान भू-उपयोग विवरण ................................................ ३१
तालिका २८: मौरीपालन सम्बन्धी विवरण ................................................ ३२
तालिका २९: सिंचाईको स्रोत सम्बन्धी विवरण ........................................... ३२
तालिका ३०: खाद्यबाली उत्पादन गर्ने घरधुरीको विवरण ................................. ३३
तालिका ३१: नगदेबाली उत्पादन गर्ने घरधुरीको विवरण ................................. ३४
तालिका ३२: फलफूल उत्पादन गर्ने घरधुरी विवरण ..................................... ३४
तालिका ३३: तरकारी उत्पादन गर्ने घरधुरी विवरण ...................................... ३५
तालिका ३४: पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरण ................................... ३६
तालिका ३५: व्यावसायिक कृषि फर्महरूको विवरण ...................................... ३७
तालिका ३६: दैनिक दुध उत्पादन सम्बन्धी विवरण ...................................... ३९
तालिका ३७: कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण ............................... ४०
तालिका ३८:पर्यटकीय स्थलहरूको विवरण ............................................... ४०
तालिका ३९: बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण ................................. ४२
तालिका ४०: सहकारी सम्बन्धी विवरण ................................................. ४२
तालिका ४१: सहकारी, बचत तथा ऋण समूह सम्बन्धी विवरण ............................. ४३
तालिका ४२: चार वर्ष माथिको साक्षरता विवरण ........................................ ४७
तालिका ४३: चार वर्ष माथिको शैक्षिक अवस्था ........................................ ४८
तालिका ४४: विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रको विवरण ........................ ४९
तालिका ४५: क्याम्पसमा अध्ययन गरिरहेका तहगत छात्रको विवरण ........................ ५२
तालिका ४६: छात्रवृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको विवरण ...................... ५२
तालिका ४७: उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू ..................................... ५४
तालिका ४८: खानेपानीको स्रोतको विवरण ............................................. ५६
तालिका ४९: शौचालय प्रयोगको विवरण ................................................ ५७

तालिका ५०: फोहोरमैलाको व्यवस्थापनको विवरण.............................................. ५७
तालिका ५१: खेलमैदानको किसिम र उपयोग विवरण .......................................... ५८
तालिका ५२: धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण.................................. ५९
तालिका ५३: स्थानीय चाडपर्व .................................................................... ६०
तालिका ५४: प्रहरीचौकीको विवरण .............................................................. ६१
तालिका ५५: वन व्यवस्थापन सम्बन्धी विवरण.................................................. ६२
तालिका ५६: नदी तथा खोला सम्बन्धी विवरण.................................................. ६४
तालिका ५७: गाउँपालिका भित्र पाइने स्तनधारी जन्तुहरूको विवरण .......................... ६४
तालिका ५८: गाउँपालिका भित्र पाइने चराचुरुङ्गीहरूको विवरण................................. ६५
तालिका ५९: गाउँपालिकामा पाइने सरीसृप, जलचर तथा उभयचरहरू ........................ ६५
तालिका ६०: प्रमुख जडीबुटी प्रजातिहरूको विवरण................................................ ६६
तालिका ६१: गाउँपालिका क्षेत्रमा पाइने प्रमुख रुख प्रजातिका वनस्पतिहरूको विवरण ....... ६६
तालिका ६२: जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण ........... ६७
तालिका ६३: विपद्/प्रकोपबाट विगत एक वर्षमा भएको मानवीय क्षतिको विवरण........... ६७
तालिका ६४: विपदको किसिम अनुसार जोखिमको समय विवरण .............................. ६८
तालिका ६५: विपदबाट क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधार विवरण .................. ६८
तालिका ६६: आपतकालीन यातायातका साधन र सम्पर्क विवरण.............................. ६८
तालिका ६७: निर्माणाधिन गाउँ वा नगरस्तिय सडकहरूको नामावली .......................... ७०
तालिका ६८: घरधुरीमा रहेका सवारीसाधन सम्बन्धी विवरण.................................... ८३
तालिका ६९: सडक पहुँचमा भएका घरधुरीहरूको विवरण........................................ ८४
तालिका ७०: खाना पकाउन उपभोग हुने इन्धन सम्बन्धी विवरण.............................. ८४
तालिका ७१: बत्ति बाल्न प्रयोग हुने इन्धन सम्बन्धी विवरण.................................... ८५
तालिका ७२: दुरसंचार सम्बन्धी विवरण ........................................................... ८६
तालिका ७३: छानाको प्रकारका आधारमा घरधुरी विवरण........................................ ८७
तालिका ७४: गाउँपालिका भित्र रहेका सरकारी/सामुदायिक भवन सम्बन्धी विवरण .......... ८७

तालिका ७५: गाउँपालिकाको संगठनात्मक ढाँचा.................................................. ९०

तालिका ७६: कार्यपालिकाको विषयगत शाखा तथा मानव संशाधन विवरण.................... ९०

तालिका ७७: गाउँपालिकामा रहेका सरकारी कार्यालयहरूको विवरण........................... ९१

तालिका ७८: गाउँपालिकाको आर्थिक वर्षको बजेट तथा खर्च (२०७९/८०)................. ९३

तालिका ८०: आन्तरिक स्रोत अनुमान र प्रक्षेपण विवरण ......................................... ९५

तालिका ८०: गाउँपालिकामा क्रियाशिक गैससहरूको विवरण..................................... ९६

तालिका ८२: गाउँपालिकाले तयार गरेका ऐन, नीति नियमहरूको विवरण ..................... ९७

तालिका ८२: गाउँपालिकामा कार्यरत कर्मचारीहरूको विवरण .................................१००

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

वस्तुगत विवरण (profile) भन्नाले कुनै स्थान, क्षेत्रमा रहेको जनसंख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधाररेखाको विवरण रहेको दस्तावेज हो । वस्तुगत विवरणलाई नेपालीमा "पार्श्वचित्र" पनि भनिन्छ । साथै कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ति, विश्लेषण तथा प्रस्तुती गरिएको विवरणलाई पनि वस्तुगत विवरण (profile) भन्ने गरिएको छ ।

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्यक्षेत्र भनी उल्लेख गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्न आधारभूत प्रक्रिया, विधि र फारामहरू सहितको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ जारी गरियो जसको पहिलो संसोधन २०७८ सालमा गरिएको थियो। यसै कार्यविधि बमोजिम गाउँपालिकाको जनसंख्या, आर्थिक, सामाजिक, प्राकृतिक, भौतिक, वन, वातावरण र विपद् तथा संस्थागत वस्तुस्थिति स्पष्ट झल्कने तथ्याङ्कको मान्य सिद्धान्त अनुसार सबै गाउँपालिकाको वस्तुगत विवरण तयार गर्नुपर्ने कानूनी व्यवस्था गरियो । यस कार्यविधिको आधारमा बेथानचोक गाउँपालिका काभ्रेपलान्चोकले आफ्नो गाउँपालिकाको वस्तुगत विवरण (profile) तयार गर्ने कार्य प्रक्रियागत रुपमा गरेको हो ।

बेथानचोक गाउँपालिकाको यस वस्तुगत विवरण (profile) दस्तावेजमा प्रस्तुत भएका तथ्यांक तथा सूचनाहरूको आधारमा आगामी गाउँपालिकाको कार्यक्रम तथा योजनाहरू प्रस्ताव गर्न मद्दत हुनेछ । साथै त्यसले अन्य सरकोकारवालाहरूलाई विकासका क्रियाकलाप संचालन गर्न सहयोग पुर्याउने हुनाले वस्तुगत विवरणमा भएका तथ्यांक र सूचकका आधारमा बेथानचोक गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना समेत तयार गरी सोही बमोजिम स्थानीय तहमा विकास निर्माणका कामहरू अघि बढाउनु पर्ने नीतिगत व्यवस्था छ। सोही बमोजिम जारी भएका निर्देशिका र ढाँचामा यस गाँउपालिकाको वस्तुगत विवरण तयार गरिएको छ । बेथानचोक गाँउपालिकाले आफ्नो

गाँउपालिकाको वस्तुगत विवरण तयार गर्नको लागि स्वयम् गाँउपालिकाको नै सहयोगमा यो वस्तुगत विवरण (profile) दस्तावेज निर्माण कार्य भएको छ ।

## १.२ उद्देश्य

यस वस्तुगत विवरण तयारीको प्रमुख उद्देश्य गाउँपालिकाको सेवा प्रवाह तथा विकास प्रक्रियाका नीति नियम तयारी, योजना तथा कार्यक्रमहरू तयार गर्न अत्यावश्यक आधारभूत तथ्यांक, सूचना वा विवरणहरू आवश्यक पर्ने हुन्छ । तथ्यांक तथा सूचना संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरूमा एकरुपता जरुरी छ । यसका लागि स्तरीयता कायम गरी तथ्यांक संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरू निर्धारण भएको स्तरीय ढाँचामा वस्तुगत विवरण तयारी गरी बेथानचोक गाउँपालिकाको विकास गतिविधिलाई दिशानिर्देश गर्नु नै हो । यसका अन्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

- संघीय शासन प्रणाली बमोजिम गाउँ वस्तुगत विवरण तयार गर्ने कानूनी र नीतिगत आधार सहित कायान्वयनमा लैजाने।
- स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा स्तरीयता कायम गरी गाउँको वस्तुगत विवरणको स्तरीय ढाँचा, तथ्याङ्क संकलनका औजार तथा प्रक्रियाको आधारमा काम गर्ने,
- विषय, क्षेत्रगत स्थिति सहित गाउँको योजना तर्जुमा तयारीका लागि स्तरीय तथ्याङ्कीय सूचकहरू प्रदान गर्ने,
- स्थानीय तहमा सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गर्न प्रविधि प्रयोगका आधारमा स्थानीय सरकारमा सूचना प्रविधिमैत्री सूचना व्यवस्थापन संस्थागत गर्ने,
- स्थानीय योजना तर्जुमाका लागि आवश्यक आधाररेखा सूचना विवरण (Baseline Information) तयार गरी विकास गतिविधि अगाडी वढाउनु,
- गाउँपालिकाको योजनावद्ध विकास प्रणाली स्थापित गर्दै नतिजमा आधारित अनुगमन पद्धति कायम गर्न ।

## १.३ कानुनी तथा नीतिगत आधारहरू

संवैधानिक व्यवस्था, नीतिगत निर्णय तथा व्यवस्था, तथ्याङ्कका मान्य सिद्धान्त र आधार, विगतका अनुभव तथा सिकाईलाई आधार मानी गाउँ नगर वस्तुगत विवरण तयारी कार्यविधि पहिलो संशोधन ,२०७८ तयार गरिएको हो ।यसमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, तथ्याङ्क ऐन, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ जस्ता कानुनी र नीतिगत व्यवस्थालाई आधार लिईएको छ। साथै साविकमा गाउँ, नगर र जिल्लाको वस्तुगत विवरण तयारीमा अभ्यास गरिएको ढाँचा, विधि तथा प्रक्रियालाई समेत आधारको रुपमा लिईएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बीच राय परामर्श, छलफल गरी यस क्षेत्रमा

विगत लामो समय देखि संलग्न संस्था तथा विज्ञहरूका सुझाबहरूलाई समेत समेटेर यो विवरण तयार गरिएको थियो ।

संघीय शासन प्रणाली तथा देहाय अनुसारका प्रमुख विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रही र यस गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि (पहिलो संशोधन), २०७८ बमोजिम चरणबद्ध र व्यवस्थित रुपमा यस बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयार गरिएको छ ।

गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि (पहिलो संशोधन), २०७८ बमोजिम गाउँ तथा नगरको वस्तुगत विवरण तयार गर्न अनुसूची १ मा उल्लेख भए अनुसारका कानूनी तथा नीतिगत व्यवस्थाको आधारमा यो बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयार गरिएको छ। वस्तुगत विवरण तयारीका नितिगत आधारहरू निम्नानुसार रहेका छन् ।

**क. नेपालको संविधानः** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ।

**ख. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनः** संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ ।

**ग. तथ्याङ्क ऐन, २०१५ तथा नियमावली २०४१:** जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपुणता बढाउन र मूलूकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न सरकारलाई यथार्थ आधार चाहिने र त्यस्तो आधार जुटाउन तथ्याङ्क संकलन सम्बन्धी सुविधाको व्यवस्था गर्न तथ्याङ्क संकलन, विश्लेषण, अभिलेख र प्रकाशन गर्ने कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गरी शान्ति, सुव्यवस्था, जनताको सुविधा र आर्थिक हित कायम राख्न तथ्याङ्क ऐन, २०१५ जारी गरिएको छ ।

**घ. स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४:** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेठ १७ गतेको निर्णय अनुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी भएको छ । यस आदेशको अनुसूची ३ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन बारेमा र अनुसूची ४ मा वडा कार्यालयहरूले योजना तर्जुमा र तथ्याङ्क अध्यावधिक गर्नु पर्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आदेशमा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय

तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरिएको छ ।

**ङ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४:** यस दिग्दर्शनको दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामूलक प्रक्रियाबाट नतिजामूलक ढंगले गर्नु पर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानयि तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (Profile) तयार गर्नु पर्ने छ" भन्ने व्यवस्था रहेको छ ।

**च. स्थानीय सरकार संचालन ऐनः २०७४:** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को (ख) मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेको छ ।

## १.४ वस्तुगत विवरण तयारीका चरण

गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ को आधारमा बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार तयार गरीएको छ। यस कार्य गर्न निम्न चरणहरू प्रयोग भएका छन्:

### १.४.१ वस्तुगत विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी (प्रथम चरण)

बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयारीको लागि गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि (पहिलो संशोधन), २०७८ को आधारमा किन, कसरी, कहिले र कसले गर्ने भनी सबै तहगत प्रक्रिया निर्धारण गर्न गाउँपालिका कार्यपालिकामा छलफल गरियो। छलफलबाट गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने विषयमा गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैङ्गीक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी अनुसूची २ बमोजिमको वस्तुगत विवरणको स्तरीय ढाँचामा प्रस्तुत गरी छलफल मार्फत स्वीकृत भयो । पारिवारिक सूचनाहरूलाई प्रविधिमैत्री वनाउन mobile application technology (KOBO TOOLBOX) मार्फत संकलन गर्ने निर्णय गरियो ।

गाउँपालिकाको वार्षिक स्वीकृत वजेटको परिधिभित्र रही, कार्यविधिको आधारमा बेथानचोक गाउँपालिकोको वस्तुगत विवरण तयारीको लागि स्वीकृत ढाँचा, औजारहरूको प्रयोग तथा कार्यविधि तयारी गरी गाउँपालिकाको वस्तुगत विवरण तयारीको गर्ने सम्पूर्ण सेन्टर फर कल्याइमेट एण्ड इन्भाईरोमेन्ट रिसर्च,ज्वागल लाई दिई सम्झौता गरियो । जसमा गाउँपालिकाले वस्तुगत विवरण

तयारीको लागि कार्यविधिको अनुसूची २ बमोजिमको स्तरीय ढाँचा, अनुसूची ३ (क) र (ख) बमोजिमको तथ्याङ्क संकलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया गाउँ कार्यपालिकाले स्वीकृत गर्ने निर्णय भयो । यसमा वस्तुगत विवरणको कानूनी तथा नीतिगत आधार, तयारी गोष्ठि, तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरू समावेश गर्ने समेत निर्णय भयो ।

### १.४.२ वस्तुगत विवरण तयारी कार्यशाला (द्धितीय चरण)

वस्तुगत विवरण (Profile) तयारीको लागि गाउँपालिकाले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरू बीच वस्तुगत विवरणको स्तरीय ढाँचा, औजार, तथा कार्यविधिमा छलफल गर्न र तथ्याङ्कको स्रोत तथा तयारी विधिबारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न १ दिनको सबै सरोकारवालाहरूको भेला गरी कार्यशाला संचालन गरियो। संझौंताको आधारमा गाउँपालिका स्तरीय सरोकारवाला भेला गराई वस्तुगत विवरण तयारीको लागि समितिको जिम्मेवारी कार्यपालिका नै हुने निर्णय भयो। सोही अनुरुप वस्तुगत विवरण तयारीको लागि आवश्यक प्रक्रियाहरूको विषयमा सवै सरोकारवालाहरूलाई जानकारी गराउने कार्य सम्पन्न भयो। गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी अनुसूची २ बमोजिमको वस्तुगत विवरणको स्तरीय ढाँचा प्रस्तुत गर्यो। उक्त विषयवस्तुमा विस्तृत छलफल गरी वस्तुगत विवरणको प्रक्रिया सी.सी.इ.आर. ले अगाडी वढाउनका कार्यतालिका सहित कार्यशालावाट स्वीकृत भयो ।

साथै यस भेलामा तथ्यांक संकलनको लागि सूचकका पहिचान र प्रश्नावली तयारी र अन्तिम रूप दिने कार्य सम्पन्न भयो। वैठकले स्थानीय तथ्यांक संकलकहरूको छनौंट गर्ने जिम्मेवारी स्थानीय वडा समितिलाई जिम्मेवारी दिईयो र तालिमको लागि तिथि मिति तयारी गरी गर्ने कार्य सम्पन्न गरियो। यस कार्यशालामा गाउँपालिकाका प्रमुख, उपप्रमुख, र पदाधिकारीहरू, गाउँसभाको पदाधिकारीहरू, प्रशासकीय अधिकृत, वडा सचिवहरू, विषयगत कार्यालयका प्रतिनिधीहरू, संघ संस्थाका प्रतिनिधीहरू लगायत गाउँपालिकाले आमन्त्रण गरेका राजनैतिक दलका प्रतिनिधीहरू लगायत अन्य आमन्त्रित नागरिक समाजका अगुवाहरू वडा अध्यक्ष, सदस्य, सभाका सदस्य, कर्मचारी सवैको उपस्थिति रहेको थियो ।

### १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण (profile) तयारीका लागि यसै बेथानचोक गाउँपालिकामा सी.सी.इ.आर. लाई छनौंट गर्ने निर्णय प्रक्रियागत ढंगवाट भयो। संस्था छनौंट भई सकेको सूचना प्राप्त भएपश्चात सी.सी.इ.आर. ले बेथानचोक गाउँपालिकाको तथ्यांक तथा सूचनाहरू संकलनका लागि कार्यविधिको आधारमा वस्तुगत विवरण तयारीसँग सम्बन्धित विषयवस्तुमा प्रारम्भिक छलफलको लागि वैठकको आयोजना गरेको थियो। छलफलमा कार्यक्रमको प्रक्रियागत विषयमा छलफल गरी विभिन्न निर्णयहरू भए । जस्मा गणकहरू स्थानीय वडावाट छनौंट गर्ने र

छनौंटको जिम्मेवारी स्थानीय वडा समितिलाई दिईको थियो। जिम्मेवारी अनुसार सवै वडा कार्यालयबाट गणकहरूको छनौंट गरी अभिमूखिकरण कार्यक्रमको लागि गाउँपालिका कार्यालयमा नामावली प्रस्तुत गर्यो।

गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि (पहिलो संशोधन), २०७८ को आधारमा सी.सी.इ.आर. ले घरधुरीमा तथ्यांक संकलनको लागि मोवाइल एप्लिकेसन निर्माण तथा डाटावेस डिजाइन तयारी गरेको हो। त्यसै गरी अन्य आवश्यक पर्ने प्राथमिक तथा द्धितिय सूचनाहरू संकलनका लागि समेत आवश्यक पर्ने फारमहरूको तयारी गरी गाउँपालिकासँग समन्वय गरी एकजना तथ्यांकशास्त्रसँग जानकार स्थानीय स्वयंसेवक छनौंट गरी आवश्यक तथ्यांक संकलन गर्नका साथै वडागत तथ्यांक संकलकहरूको निरीक्षण गर्ने जिम्मेवारी दिईएको थियो ।

वस्तुगत विवरण (profile) तयारी कार्यशालावाट गणकहरू छनौंट गर्ने जिम्मेवारी प्रत्येक वडाहरूलाई दिइए अनुसार भौगोलिक तथा घरधुरी संख्याको अनुपातमा प्रत्येक वडावाट महिला तथा पुरुषहरू छनौंट भई सहभागी भएका थिए । सी.सी.इ.आर. ले वडा स्तरवाट छनौंट भई आएका तथ्यांक संकलकहरूलाई सूचना संकलन मोवाइल एप्लिकेसन (Mobile Application) तथा अन्य आवश्यक पर्ने सूचना संकलन सम्बन्धी २ दिने अभिमुखिकरण तालिम बेथानचोक गाउँपालिकाको कार्यालयमा मिति २०८० वैशाखमा संचालन भएको थियो । अभिमुखीकरण तालिममा गणकहरूलाई परिचालन गर्ने कार्ययोजना समेत तयारी गरी परिचालन गरियो। तालिममा जम्मा ९ जना स्थानीय वडास्तरका तथ्यांक संकलकहरूको उपस्थिती रहेको थियो। तालिम प्राप्त तथ्यांक संकलकहरूको नामावली विवरण अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

### १.४.४ तथ्याङ्क संकलन (तेस्रो चरण)

बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण (Profile) तयारीका लागि तथ्यांक तथा सूचना संकलनको कार्य निम्न चरणमा संचालन भयो ।

**क. घरधुरी स्तरको तथ्यांक संकलन**

तालिम प्राप्त तथ्यांक संकलनहरूलाई आफ्नो आफ्नो वडाहरूको तथ्यांक तथा सूचना संकलनको कार्य निर्धारीत समयमा काम सम्पन्न गर्ने गरी सम्पूर्ण जिम्मेवारी दिई वडा वडामा पठाईयो । जिम्मेवारी अनुसार सवै वडाहरूको तथ्यांक संकलकहरूले तथ्यांक संकलनको कार्य मिति २०८० असोज मसान्त सम्ममा सम्पन्न गरेका थिए। मोवाइल एप्लिकेसन (Mobile Application) बाट प्रत्येक घरधुरीहरू पारिवारिक विवरणका साथै सबै घरको फोटो र घर रहेको स्थानको GPS Location समेत संकलन गरिएको छ ।

**ख. समुदाय र वडा स्तरः** समुदाय र वडा स्तरको सूचना संकलनको लागि आवश्यक विभिन्न तथ्यांक संकलन फारमहरू तथा चेकलिस्ट तयार गरी प्रत्येक वडामा गई तथ्यांक संकलन गर्ने जिम्मेवारी वडाका स्थानीय लाईदिईएको थियो ।

**ग. द्धितिय श्रोतबाट सूचना संकलनः** बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण (Profile) तयारीको लागि आवश्यक पर्ने द्धितिय श्रोतवाट लिईएका सूचनाहरू राष्ट्रिय जनगणना २०७८, विषयगत कार्यालयका विगत वर्षका प्रतिवेदनहरू र साविक गा.वि.स.हरू (च्याम्राङ्गवेशी, ढुंखर्क, चलालगणेस्थान, च्यासिंङ्गखर, भुग्देउमहांकाल) को वस्तुगत विवरणवाट संकलन गरी समावेश गरिएको छ ।

**घ. जैविक भौतिक तथ्याङ्क संकलनः** यसै समयमा बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयारीको लागि आवश्यक पर्ने जैविक भौतिक तथा प्राकृतिक श्रोत तथ्य तथ्यांक संकलन कार्य सी.सी.इ.आर. का विषय विशेषज्ञहरूद्वारा सम्बन्धित वडाका सहयोगीहरूको सहयोगमा समुदायको स्थलगत अवलोकन गरी सम्पन्न गरियो । उक्त तथ्यांक तथा सूचनाहरूको आधारमा गाउँपालिका क्षेत्रको जैविक भौतिक तथा प्राकृतिक श्रोतको प्राप्त तथ्यांकहरूको आधारमा विश्लेषण गरी नक्सा तयार गरी वातावरणीय पक्षलाई समावेश गरिएको छ। यी तथ्यांकहरू संकलन गर्ने प्रकृया यस प्रकार रहेको छ ।

- सम्बन्धित वडाको टोपोग्राफिकल नक्सा र हवाईफोटोको अध्ययन,
- तथ्यांक संकलनका लागि स्थानीय वातावरणका विविध पक्षलाई समेट्ने चार किसिमको (कृषि, वन, वस्ती तथा वार्ड स्तरीय) फारमहरूको निर्माण
- हवाई फोटो तथा नक्सामा देखिएका फरक फरक पारिस्थितिक प्रणालीलाई फिल्ड भ्रमणद्वारा पत्ता लगाई सो पारिस्थितिक प्रणालीको वस्तु स्थिति झल्किने गरी निर्माण गरिएको फारम अनुसार तथ्यांक संकलन
- संकलित तथ्यांकलाई वातावरणीय पक्ष सँग सम्बन्धित गराउँदै विश्लेषण ।

यस प्रकिया अनुसार बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण (Profile) तयारीको लागि सवै पारिस्थितिक प्रणालीको प्रतिनिधित्व गराउनको लागि प्रत्येक वडा क्षेत्र भ्रमण गर्ने कार्य सम्पन्न गर्न ३० दिनको समय लागेको थियो । यस बाहेक मुख्य-मुख्य सुचना दाता तथा समूह छलफलबाट पनि जैविक, भौतिक तथ्यांकहरू संकलन गरिएको थियो ।

### १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्सा तयारी (चौथौ चरण)

तथ्याङ्कहरूको विश्लेषण, बिषयगत समायोजन तथा सफ्टवेयर तालिकीकरण एक महत्वपूर्ण चरण हो । गाउँपालिका भित्रको प्राप्त वडागत रुपमा संकलित पारिवारिक तथ्यांङ्क तथा सूचनाहरूको समायोजन सफ्टवेयर मार्फत तालिकीकरण गरिएको छ । साथै सबै तथ्यांकहरू गाउँपालिकालाई आवश्यक पर्ने सूचनाको विशेषताका आधारमा वर्गिकरण, प्रशोधन तथा समायोजन गरिएको छ। तथ्यांक तथा सूचनाहरू खण्डिकृत गरी विषयगत रुपमा समायोजन गरी तालिकीकरण गरिएको छ।गाउँपालिका भित्रका सूचनाहरू विश्लेषण गर्दा सामाजिक नक्सा, तथ्यांङ्क, सूचना सवै कुरालाई आधार बनाईएको छ ।

जैविक भौतिक तथ्याङ्क संकलन पश्चात सो तथ्याङ्कहरूको आधारमा जि.आई.एस नक्सा तयारी भएको छ र त्यसबाट समेत बेथानचोक गाउँपालिकाको अवस्थाको विश्लेषण गर्ने कार्य भएको छ। गाउँपालिकाको जि.आई.एस. नक्सा तयार गर्दा श्रोत नक्साहरू, मुख्य जमिनको उपयोग, पूर्वाधार, वातावरणीय संवेदनशिल क्षेत्र, पुर्नस्थापना र संरक्षण गर्नुपर्ने क्षेत्रहरू, बाटो, बस्ती, खोला, प्राकृतिक श्रोत आदि प्रस्तुत गरिएको छ ।

विभिन्न प्रथम तथा द्धितिय श्रोतवाट संकलन गरी समायोजन गरिएका तथ्यांकहरूलाई फिल्ड परिक्षणका लागि हरेक वडाहरूमा १ दिने कार्यशालाको आयोजना गरिएको थियो। कार्यशालामा सबै तथ्यांकहरूलाई प्रमाणिकरण गर्ने काम सम्पन्न भयो । कार्यशालामा वडा अध्यक्ष, सदस्य, वडा सचिव, कर्मचारी, राजनीतिक दल, स्थानीय संघ संस्थाका प्रतिनीधिहरू, शिक्षक, वुद्धिजिविहरूको उपस्थिती रहेको थियो। कार्यशालावाट आएका सल्लाह तथा सुझावलाई समायोजन गर्ने कार्य गरियो ।

### १.४.६ वस्तुगत विवरणको मस्यौदा तयारी (पाचौं चरण)

यस बेथानचोक गाउँपालिकाको समायोजन गरी वडाबाट प्रमाणिकरण भई आएको तथ्यांकहरू तथा सूचनालाई गाउँ नगर वस्तुगत विवरण तयारी कार्यविधि, पहिलो संशोधन, २०७८, अनुसुची २ अनुसारको ढाँचामा मस्यौंदा वस्तुगत विवरण (Profile) तयार गरियो। सबै सूचनाहरू खण्डिकृत गरी विषयगत आधारमा खण्ड तथा उपखण्ड प्रस्तुत गरी छलफलको लागि मस्यौंदाको रुपमा तयारी गरियो। मस्यौंदा वस्तुगत विवरण तयारीको लागि सी.सी.इ.आर. ले सबै क्षेत्रका विज्ञ (समाजशास्त्री, मानवशास्त्री, अर्थशास्त्री, , कृषि विद, वातावरणविद्, भूगर्भ विद्, सूचना प्रविधि) हरूलाई परिचालन गरी यो मस्यौदा तयार गरेको हो। तयारीको क्रममा प्रयोग भएका विज्ञहरूको विवरण अनुसुचीमा प्रस्तुत छ ।

### १.४.७ वस्तुगत विवरण सुझाव संकलन (छैटौं चरण)

निर्धारित ढाँचामा तयारी मस्यौंदाको वस्तुगत विवरण माथि छलफल तथा प्रमाणिकरणको लागि मिति २०८०/१२/२० गते गाउँपालिका स्तरमा १ दिनको कार्यक्रमको आयोजना गरियो। कार्यशालाबाट छुटेका, स्पष्ट नभएका विषयहरूमा राय सल्लाह तथा सुझावहरू संकलन भयो। संकलित सुझावहरूको आधारमा बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण (Profile) तयारीको अन्तिम रुप दिने निर्णय गरियो। साथै उक्त वस्तुगत विवरणलाई आधार लिएर बेथानचोक गाउँपालिकाले आगामी कार्यहरू अगाडी वढाउने प्रतिवद्धता समेत कार्यशालाबाट निर्णय भयो।

### १.४.८ गाउँ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी (सातौं चरण)

बेथानचोक गाउँपालिकाको मस्यौदा वस्तुगत विवरण (Profile) तयारी माथि छलफलका क्रममा उठेका सवाल र सबै सुझावहरूलाई समावेश गरी यस वस्तुगत विवरण (Profile) पुस्तिका प्रकाशन भएको छ। यसका अतिरिक्त गाउँपालिकाको वस्तुस्थिती विवरणको आधारभूत सूचनाहरूलाई सबै

सरोकारवालाहरूको पहुँच स्थापित गर्न मोवाईल प्रविधिमा सहजैसँग उपलव्ध हुने व्यवस्था मिलाईएको छ।

## १.५ वस्तुगत विवरणको सीमा

गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि (पहिलो संशोधन), २०७८ को आधारमा यस बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार तयार गरिएको छ। यसमा वस्तुगत विवरण तयारी कार्यविधिको मर्म अनुसार तयार गर्ने जिम्मेवारी सी.सी.इ.आर. लाई दिईएको हो सी.सी.इ.आर., ज्वागलले यसै कार्यविधिको तथा नितिगत कानूनी प्रावधानहरूको अधिन र गाउँपालिकाले दिएको अधिकार भित्र रही यो बेथानचोक गाउँपालिकाको वस्तुगत विवरण तयार गरेको हो ।

यस वस्तुगत विवरण तयारीको केही सिमाहरू निम्नानुसार छन्

- मुलुकको नयाँ पुर्नसंरचना अनुसार समायोजन भई ठूलो भौगोलिक क्षेत्रलाई समेटिएको कारण सवै क्षेत्रमा विज्ञ टोली परिचालन हुन नसक्नु
- छोटो समयमा धेरै प्रक्रियाहरू समेटेर यो गाउँपालिकाको वस्तुगत विवरण तयार गर्नुपर्ने वाध्यात्मक अवस्था
- नवनिर्वाचित जनप्रतिनीधिहरूमा अनुभवको कमी हुनु,
- सवै वडा कार्यालयहरूमा जनशक्तिको कमीको कारण वडा कार्यालयहरूवाट आवश्यक पर्ने विभिन्न विषयगत सूचनाहरूमा एकरुपता ल्याउन नसक्नु

# परिच्छेद २: गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति

नेपालका ७ वटा प्रदेश अन्तर्गत पर्ने बागमती प्रदेशको पहाडी जिल्ला मध्ये काभ्रेपलाञ्चोक पनि एक हो। यस जिल्ला अन्तर्गत बेथानचोकको क्षेत्रको छुट्टै महत्व रहेको छ। भौगोलिक विषमता, शिक्षा क्षेत्रको अग्रता, प्राकृतिक सुन्दरता, सबै जातजातिहरूको वासस्थान, पर्यटकीय सम्भावनाको अवस्था यस क्षेत्रलाई चिनाउने माध्यम हुन्। महाभारत पर्वत श्रृंखलामा पर्ने बेथानचोक गाँउपालिका प्राकृतिक सुन्दरताले भरिपुर्ण रहेको छ। यस क्षेत्रको मुख्य आकर्षण बेथानचोक नारायणथान महाभारत शृङ्खलाको दोस्रो अग्लो पहाडको रूपमा प्रख्यात छ।

बेथानचोक गाँउपालिकाको पूर्वमा रोशी गाँउपालिका, पश्चिममा ललितपुर जिल्लाको महांकाल गाँउपालिका, उत्तरमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती र नमोबुद्ध नगरपालिका, दक्षिणमा खानीखोला गाँउपालिका रहेको छ । यस गाँउपालिकाको नामाकरण साविक ढुंखर्क गा.वि.स.को वडा नं. १ स्थीत समुन्द्री सतहबाट करिब ३०१८ मिटर अग्लो स्थानमा रहेको बेथानचोक नारायण मन्दिरको नामबाट नामाकरण गरिएको हो।

काभ्रेपलान्चोक जिल्लाको कूल क्षेत्रफल १३९६ वर्ग किलोमीटर छ भने जसमध्ये १०१ वर्ग किलोमिटर क्षेत्रमा बेथानचोक गाउँपालिका फैलिएको छ । यस बेथानचोक गाउँपालिका २७ डिग्री ५३ मिनेट ३४ सेकेण्ड उत्तरी अक्षांस देखि २७ डिग्री ५८ मिनेट १२ सेकेण्ड उत्तरी अक्षांस सम्म र ८४ डिग्री २१ मिनेट ३६ सेकेण्ड पूर्वी देशान्तर देखि ८४ डिग्री २७ मिनेट ३६ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ । यस गाउँपालिका समुद्रि सतहबाट करिब १०२० मिटर देखि ३०१८ मीटर सम्म रहेको छ ।




चित्र १: बेथानचोक गाउँपालिकाको अवस्थिति नक्सा

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

यस क्षेत्रको नाम बेथानचोक नारायणथान रहनुमा एउटा ऐतिहासिक प्रसङ्ग जोडिएको छ। महाभारत शृङ्खलाको दोस्रो अग्लो विन्दुमा रहेको बेथानचोक नारायण मन्दिरको नामबाट यस पालिकाको नामाकरण भएको हो ।

बेथानचोकको भौगोलिक परिचय एवं नामाकरण काभ्रेपलाञ्चोक जिल्लाको पश्चिम दक्षिणी भेगमा पर्ने बेथानचोक गाउँपालिका नेपालको महाभारत पर्वत शृंखलाको सबैभन्दा उच्च भागमा रहेको पालिका हो । कुल १०१ वर्गकिलोमिटरको क्षेत्रफलमा फैलिएको यो पालिका काठमाडौंबाट करिब ४५ मिटर पूर्वीदक्षिणी दिशामा रहेको छ। वि.सं. २०७२ सालको संविधानपछि बनेको नयाँ संरचनाअनुसार कुल छ वटा वडामा प्रशासनिक विभाजन गरिएको यो पालिकाको वडा नं १ च्याम्राङबेसी, वडा नं २ साविक ढुंखर्क गाविसको ६ देखि ९ नं वडासम्म, वडा नं ३ साबिक ढुंखर्क गाविसको एकदेखि ५ नं वडासम्म, वडा नं ४ चलाल गणेशथान, वडा नं ५ मा च्यासिङखर्क र वडा नं ६ भुग्देउ गाविस मिलेर बनेको छ । यो पालिकाको सिमाना पूर्वमा रोशी गाउँपालिका, दक्षिणमा खानीखोला गाउँपालिका, पश्चिममा महांकाल गाउँपालिका ललितपुर र उत्तरमा पनौती र नमोबुद्ध गाउँपालिका रहेको छ। यो पालिकामा समुद्री सतहबाट ३०१८ मिटर उचाइमा रहेको बेथानचोक

नारायण मन्दिर, ३०१२ मिटरमा रहेको गजराज थुम्काजस्ता पर्यटकीय एवं प्राकृतिक सुन्दरतायुक्त स्थलहरू रहेका छन् ।

पहिले विभिन्न गाविसमा विभक्त रहेको यो पालिकालाई नयाँ संरचनाअनुसार बेथानचोक नै किन नाम राखियो भन्ने सवालमा विभिन्न विश्वास एवं किंवदन्तीहरू रहेका छन्। यसको नामाकरणको सम्बन्धमा स्थानीयमा तीनवटा किंवदन्ती रहेको छ। एउटा विश्वासअनुसार नाम नभएको थान धेरै भएकोले यसको नाम नै बेथान रहेको हो। स्थानीयको भनाईअनुसार यस क्षेत्रका सबै टाकुराहरूमा कुनै न कुनै देवीदेवताको स्थान छ। तर कुन शिखरमा कुन देवीको स्थान छ भन्ने यकिन नभएकोले यसको नाम नै बेथानचोक राखिएको हो।

त्यस्तै, अर्को विश्वासअनुसार १७ औं शताब्दीमा भक्तपुरका राजा भूपतीन्द्र मल्लले यहाँको नारायणथानमा दशन गर्न आएका थिए। सपनामा उनलाई चाँगुनारायणले दर्शन दिएर आफू महाभारतको डाँडोमा गएर बसेको भनेपछि उनको दर्शन गर्न राजा हालको बेथानचोक पुगेका थिए।उनी दर्शन गर्न जाँदासम्मको अवस्थामा उक्त थानको नाम कसैले राखेका थिएनन्। कसैले नाम नराखेको थान भन्ने अर्थमा उनले नै बेथान राखेपछि नारायणथानको नाम नै बेथानचोक रहेको भन्ने अर्को विश्वास छ। किंवदन्तीअनुसार १७ औं शताब्दीका भक्तपुरे राजा भूपतीन्द्र मल्ललाई चाँगुनारायणले सपनामा आएर भक्तपुरबाट नारायणथानको शिखरमा बसाईं सरेको सपनामा जानकारी थिए। त्यो थाहा पाएपछि राजा दर्शनका लागि भनेर हालको नारायणथानमा गएका थिए। उनले त्यही मौकामा पूजा अर्चनाको प्रबन्ध मिलाए। तर स्थान वा मन्दिर निर्माण गरेनन्। मन्दिर निर्माण नगरेकाले यस क्षेत्रको नाम नै बेथान रहेको विश्वास पनि रहेको छ।

## २.३ राजनीतिक अवस्थिति

नेपालको सविंधान, २०७२ बमोजिम स्थानिय तह पूनर्सरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविकका च्याम्राङ्गवेशी, ढुंखर्क, चलालगणेस्थान, च्यासिंङ्गखर्क, भुग्देउ महांकाल गा.वि.स हरू मिलाएर वि.स २०७३ मा यस बेथानचोक गाउँपालिका भएको हो ।

तालिका १:गाउँपालिकाको राजनीतिक विभाजन

| हालको वडा नं. | समावेश भएको गा. वि. स | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | च्याम्राङ्गवेशी | २५.७८ | जि.आइ.एस. |
| २ | ढुंखर्क | ११.८८ | जि.आइ.एस. |
| ३ | ढुंखर्क | १७.३२ | जि.आइ.एस. |
| ४ | चलालगणेस्थान | १२.६६ | जि.आइ.एस. |

| | | | |
|---|---|---|---|
| ५ | च्यासिंङ्गखर्क | ९.६३ | जि.आइ.एस. |
| ६ | भुग्देउ महांकाल | २४.१२ | जि.आइ.एस. |

## २.४ प्राकृतिक सम्पदा

यस गाउँपालिकाको कुल भू-भागको ७६.२१ प्रतिशत भू-भाग जङ्गलले र १७.४२ प्रतिशत क्षेत्रले ओगटेको पाइन्छ । अधिकांश क्षेत्र जङ्गल क्षेत्र रहेकाले पशुपालन व्यवसायको लागि उपयुक्त रहेको छ । महाभारतको १०२० देखि ३०१८ मि. सम्म फैलिएको यस क्षेत्र जैविक विविधताले धनी रहेको छ । यस गाउँपालिकामा विभिन्न जङ्गली जनावर, चराचुरुङ्गी, जडिबुटी तथा वनस्पतिहरू देख्न पाइन्छ ।

## २.५ साँस्कृतिक उत्कृष्टता

विभिन्न धर्मसम्प्रदायमा आस्था एवं विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातीको वसोबास रहेको यस बेथानचोक गाउँपालिका क्षेत्र सांस्कृतिक रुपमा समेत विविधता पाईन्छ । ब्राम्हण, क्षेत्री, गुरुङ, तामाङ, नेवार, मगर, राई, लिम्बु, दलित समुदायको मिश्रित बसोबास रहेको यो गाउँपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ। यस गाउँपालिकामा तामाङको बाहुल्यता छ। जाति विशेष अनुसार मनाईने हिन्दूहरूको दशै, तिहार, ल्होसार, उधौली र अन्य तिथि अनुसारका चाडपर्वहरू पनि मनाइने गरेको छ। यी चाडपर्व मनाउने क्रममा सांस्कृतिक पहिरन समेत लगाउने गरिएको पाईन्छ। बेथानचोकमा भगवान विष्णुको मन्दिर रहेकोले पूरै पहाडी भागलाई नारायणथन भनिन्छ। यस क्षेत्रमा विशेष फागु पूर्णिमा र शिवरात्री मेला लाग्ने गर्दछ र यहाँको प्रमुख साँस्कृतिक उत्कृष्टता मानिन्छ।

## २.६ विकासका संभावनाहरू

समग्र बेथानचोक गाउँपालिका विभिन्न पक्षलाई समेटेर अध्ययन गर्दा विकासका संभावनाहरू निम्नानुसार रहेका छन्। यस संभावनाहरूलाई योजनावद्ध ढंगले काम गर्दा गाउँपालिका क्षेत्रको विकासमा ठूलो योगदान हुनेछ जुन निम्नानुसार रहेको छ। सबै बुँदाहरूको विस्तृत विवरण यस वस्तुगत विवरणमा समेटिएको छ ।

- कृषि
- दूग्ध उत्पादन
- व्यवसायिक बाख्रा तथा कुखुरा पालन
- सामुदायिक वन सम्पदा, जडिवुटी
- प्राकृतिक श्रोतहरू (जल, वनजंगल)
- धार्मिक तथा पर्यटन
- संस्कृति पर्यटन

## २.७ ग्राहस्थ उत्पादन

बेथानचोक गाउँपालिका मुख्यतया कृषि पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो। यँहाको अधिकांश जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय ज्याला मजदुरी र वैदेशिक रोजगार रहेको देखिन्छ। यस गाउँपालिकाको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, पशुपालन, दुध उत्पादन, वन आदिले मुख्य योगदान पुर्याउँदै आएको देखिन्छ। यसका साथै आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, कृषिजन्य उत्पादन, सेवा, व्यापार, नोकरी तथा वैदेशिक रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्राहस्थ उत्पादन, निर्यातको अवस्थालाई विश्लेषण गरिएको छ।

कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product-GDP) र प्रति व्यक्ति आयलाई कुल ग्राहस्थ उत्पादन (Per Capita Gross Domestic Product) लाई आर्थिक विकासको महत्वपुर्ण सूचकका रुपमा लिइदै आएको छ। कुल ग्राहस्थ उत्पादन विश्लेषणका लागि उत्पादन विधि, आय विधि तथा खर्च विधिको प्रयोग गर्ने प्रचलन रहेको छ। उत्पादन विधिमा साधनको लागत मुल्य (Factor cost) तथा उत्पादन मुल्य (Production Price) को विधि अपनाउने गरिन्छ। आय विधिमा हरेक नागरिकको वार्षिक आम्दानीको गणना गरिन्छ भने खर्च विधिमा हरेक व्यक्तिले १ वर्ष अवधिमा गर्ने कुल खर्चलाई आधार मान्ने गरिन्छ। खानी तथा उत्खनन्, रियल स्टेट तथा व्यवसायिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा लगायत सुचकका अन्य क्षेत्रको व्यवस्थित अभिलेखीकरण अध्यावधिक नपाइएकाले कुल ग्राहस्थ उत्पादन यो भन्दा बढी हुन सक्ने अनुमान गरिएको छ।

## २.८ मानव विकास सूचकाङ्क

२०२१ मा समग्र नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको देखिन्छ भने बेथानचोक गाउँपालिकाको मानव विकास सूचकाङ्क ०.५११ देखिन्छ। यहाको औषत आयु ७२.४ वर्ष रहेको देखिन्छ ।

तालिका २: मानव विकास सूचक

| सूचक | विवरण | कैफियत |
|---|---|---|
| नेपालको मानव विकास सूचकाङ्क | ०.६०२ (१४७) | UNDP,2021 |
| बेथानचोक गाउँपालिकाको मानव विकास सूचकाङ्क | ०.५११ | Local Human Development Report Province 3 |
| औषत आयु | ७२.४ | Local Human Development Report Province 3 |
| विद्यालय जाने औषत उमेर | ३.९३ | Local Human Development Report Province 3 |
| प्रतिव्यक्ति आय (नेपालको) **PPP** डलर | १३३६.५ | विश्व बैंक |

# परिच्छेद ३ : पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३.१ वस्ति र घरपरिवार विवरण

बेथानचोक गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घरपरिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं ४ र ६ मा रहेको छ । त्यस्तै सबैभन्दा थोरै घरधुरी वडा न. १ मा रहेको छ । वडागत वस्ति तथा घरपरिवार विवरण तल तालिकामा दिइएको छ ।

तालिका ३: वडागत वस्ति तथा घरपरिवार विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य वस्तिहरु |
|---|---|---|---|
| १ | २४३ | १,४८६ | च्याम्राङ्गवेशी, सानो दुर्लुंग, थलागाउँ, माथिलो गाउँ, कुखुरेपानी, सानो दुर्लुंग, महुवा डाँडा, च्यालम गाउँ, कल्यंग सिंघगाउँ, तप्सेल डाँडा, नाग्बेला, ताम्रांग, छंग-छंग गाउँ, फुर्केथाली, सुकुम |
| २ | ५१७ | ३,१५६ | ढुंखर्क, पाटने खोलागाउँ, कलाते, मुलडाँडा, चौर डाँडा |
| ३ | ४४३ | २,१९८ | ढुंखर्क, मुलडाँडा, सुरे, ठूला चौर, बाह्रबिसे, च्यालती डाँडा, लब्सी टोल, खोरथापे, दमार |
| ४ | ७५७ | ३,९४१ | चलालगणेस्थान, परगाउँ बेशी, मदन बास, चालालडोल, लामा गाउँ |
| ५ | ६९० | ३,४७९ | च्यासिंङ्गखर्क, वाईबा टोल, माझ गाउँ, सोचे, थांगी डोल, घोले टोल, छिर्के, प्यांगखोला, च्याल्टी पारी, |
| ६ | ७८९ | ४,०५७ | भुग्देउ, थली, कुवाटोल, सिम्तर, तिनछाप, सिउरेनी, मेदम्सु,थापाडाँडा, गोलगाउँ, सिम्टार, थिङछाप, छाप डाँडा, रोशीतार, टाउके डाँडा, तामाङतावारी, नौलो डाँडा, लामा डाँडा, आहाल डाँडा, अमल्चे, तल्लो सिउरेनी, माने डाँडा, पारी टोल, लामी डाँडा, काभ्रेडाँडा, भन्ज्यांगखर्क, सानो भन्ज्यांगखर्क |
| **जम्मा** | **३,४३९** | **१८,३१७** | |

## ३.२ जनसंख्या वितरणको अवस्था

यस गाउँपालिकामा जम्मा ३,४३९ घरधुरी रहेको छ भने जम्मा जनसंख्या १८,३१७ रहेको छ । जनअनुसार पुरुष ५०.६६ प्रतिशत र महिला ४९.३२ प्रतिशत रहेको छ । त्यसैगरी प्रतिपरिवार औषत जनसंख्या ३.८७ जना रहेको छ । वडागत आधारमा जनसंख्या वितरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ । जसमा जम्मा जनसंख्या १८३१७ (पुरुष ९,२८० जना, र महिला ९,०३५ जना) रहेको छ ।.

तालिका ४: वडागत आधारमा जनसंख्या वितरण

| वडा नं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | अन्य | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | २४३ | ७८९ | ६९७ | - | १,४८६ | ५७.६४ |
| २ | ५१७ | १,५९२ | १,५६४ | - | ३,१५६ | २६५.६५ |
| ३ | ४४३ | १,०९३ | १,१०५ | - | २,१९८ | १२६.९० |
| ४ | ७५७ | १,९९० | १,९५१ | - | ३,९४१ | ३११.२९ |
| ५ | ६९० | १,७४३ | १,७३६ | - | ३,४७९ | ३६१.२६ |
| ६ | ७८९ | २,०७३ | १,९८२ | २ | ४,०५७ | १६८.२० |
| जम्मा | ३,४३९ | ९,२८० | ९,०३५ | २ | १८,३१७ | |

## ३.३ उमेरको आधारमा जनसंख्या विवरण

यस गाउँपालिमा रहेको जम्मा जनसंख्या मध्ये ५०.६६ प्रतिशत पुरुष, र ४९.३२ प्रतिशत महिला जनसंख्या रहेका छन् । उमेरगत आधारमा ५ वर्ष मुनीका जनसंख्या ४.४८ प्रतिशत रहेको देखिन्छ । उमेर समूहको आधारमा सवैभन्दा धेरै जनसंख्या २५ देखि ४५ बर्षको ३७.०८ प्रतिशत रहेको छ । सवैभन्दा कम ० देखि ४ उमेर समूहका ४.४८ प्रतिशत जनसंख्या रहेको देखिन्छ । उमेर समूह अनुसारको जनसंख्या विवरण तालिकमा प्रस्तुत गरिएको छ ।

तालिका ५: उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या विवरण

| उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|
| ०-४ | ८२१ | ४.४८ |
| ५-९ | १,४१६ | ७.७३ |
| १०-१४ | १,४७० | ८.०२ |
| १५-१८ | १,३१० | ७.१५ |
| १९-२४ | २,२९१ | १२.५ |
| २५-४५ | ६,७९३ | ३७.०८ |
| ४६-५९ | २,१४३ | ११.६९ |
| ६०-६९ | १,२४४ | ६.७९ |
| ७०+ | ८२९ | ४.५२ |
| जम्मा | १८,३१७ | १००% |

## ३.४ मातृभाषाको आधारमा जनसंख्या विवरण

यस गाउँपालिकामा ९ विभिन्न भाषा बोल्ने जनसंख्या पाईन्छ। जसअनुसार सवैभन्दा धेरै ५३.९१ प्रतिशत जनसंख्याले तामाङ भाषा वोल्ने गर्दछन्। दोस्रोमा नेपाली भाषा बोल्ने ४४.६५ प्रतिशत

रहेको देखिन्छ । त्यसैगरी नेवारी भाषा बोल्ने जनसंख्या १.०५ प्रतिशत रहको पाईन्छ । विभिन्न जातजाती अनुसार आफ्नो मातृभाषा बोल्ने गरेको भएपनि माध्यम भाषाको रुपमा नेपाली भाषानै प्रयोग गर्ने गरिएको छ । वडागत आधारमा भाषाअनुसारको जनसंख्या विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: मातृभाषा अनुसारको जनसंख्या विवरण

| वडा नं | गुरुङ | तामाङ | नेपाली | नेवारी | मगर | मैथली/भोजपुरी | राई | लिम्बु | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | - | ५९८ | ८८४ | - | २ | - | १ | १ | - | १४८६ |
| २ | १ | ६७७ | २४०४ | ७४ | | - | - | - | - | ३१५६ |
| ३ | - | ४८५ | १७११ | १ | १ | - | - | - | - | २१९८ |
| ४ | २ | २६२१ | १३०३ | ५ | - | - | ५ | - | ५ | ३९४१ |
| ५ | २ | २६३० | ६८८ | ११४ | १३ | १ | ५ | - | २६ | ३४७९ |
| ६ | १ | २८६५ | ११८९ | - | २ | - | - | - | - | ४०५७ |
| जम्मा | ६ | ९८७६ | ८१७९ | १९४ | १८ | १ | ११ | १ | ३१ | १८३१७ |

## ३.५ धर्म अनुसार जनसंख्या विवरण

यस गाउँपालिकाको जनसंख्यालाई धार्मिक दृष्टिकोणको आधारमा विश्लेषण गरेर हेर्दा समुदायले ६ प्रकारको धर्म अवलम्वन गर्ने समुदायहरु देखिन्छ । कूल जनसंख्याको सवै भन्दा ठूलो हिस्सा ओगट्ने बौद्ध धर्मावलम्वीहरु छन् । जसले कूल जनसंख्याको ५४.५३ प्रतिशत क्षेत्र ओगटेको छ । त्यस्तै कूल जनसंख्याको दोस्रो र तेस्रो क्षेत्र ओगट्ने हिन्दू र क्रिस्चियन धर्मावलम्वीहरु छन् जसले कूल जनसंख्याको ४४.३५ र ०.७५ प्रतिशत क्षेत्र ओगटेको छ । चौथो स्थान ओगट्ने अन्य धर्मावलम्वीहरु छन् जसले कूल जनसंख्याको ०.३ प्रतिशत क्षेत्र ओगटेको छ । धर्म अनुसारको जनसंख्या विवरणलाई तालिकामा देखाईएको छ ।

तालिका ७: धर्मअनुसारको जनसंख्या विवरण

| वडा नं. | हिन्दु | बौद्ध | किरात | मुस्लिम | क्रिस्चियन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८७७ | ६०७ | - | - | २ | - | १,४८६ |
| २ | २,३०७ | ८४९ | - | - | - | - | ३,१५६ |
| ३ | १,७०९ | ४८८ | - | - | १ | - | २,१९८ |
| ४ | १,३७१ | २,४८३ | - | - | ८७ | - | ३,९४१ |
| ५ | ७८४ | २,६२८ | ३ | २ | २ | ६० | ३४७९ |
| ६ | १,०७६ | २,९३४ | - | - | ४७ | - | ४,०५७ |
| जम्मा | ८१२४ | ९,९८९ | ३ | २ | १३९ | ६० | १८३१७ |

## ३.६ जातिगत आधारमा जनसंख्या विवरण

जातिगत आधारमा यस गाउँपालिकाको जनसंख्यालाई विश्लेषण गर्दा १४ जात-जातिको समूहको वसोवास रहेको पाइन्छ। जस अनुसार ब्राम्हण, क्षेत्री, तामाङ, नेवार, दलित आदिको बसोबास रहेको पाइन्छ । वडामा आधारित जातजाति अनुसारको जनसंख्या, घरधुरी विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका ८: जातिगत आधारमा जनसंख्या

| वडा नं. | क्षेत्री | गुरुङ | तामाङ | दर्जी/दमाई | दशनामी/सन्यासी | नेवार | ब्राह्मण | भुजेल | मगर | राई | बिश्वकर्मा | सार्की | लिम्बु | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | - | ६०६ | १२ | - | - | ८३२ | - | २ | १ | २८ | - | - | १ |
| २ | २१९ | - | ८५२ | २८ | ११ | २०५ | १८०८ | - | १ | १ | २८ | २ | - | १ |
| ३ | ३८ | १ | ४९२ | ८ | - | १७८ | १३१० | - | ७० | - | १०१ | - | - | - |
| ४ | ४२३ | १ | २६५० | ४२ | - | ६४५ | ५८ | - | ८४ | ५ | १८ | - | २ | १३ |
| ५ | ५४० | - | २६१७ | ३० | - | ११७ | १०१ | - | १४ | ३ | ५५ | १ | १ | - |
| ६ | ३३८ | - | २८७६ | ३० | १ | १८ | १५९ | ३१ | ५५१ | - | ५३ | - | - | - |
| **जम्मा** | **१५६२** | २ | **१००९३** | **१५०** | **१२** | **११६३** | **४२६८** | **३१** | **७२२** | **१०** | **२८३** | **३** | **३** | **१५** |

## ३.७ घरमुलीको विवरण

तालिका ९: लिङ्गका आधारमा घरमुली विवरण

| घरमूलीको लिङ्ग | १ | २ | ३ | ४ | ५ | ६ | कुल |
|---|---|---|---|---|---|---|---|
| पुरुष | २२१ | ४७१ | ३७६ | ५८९ | ६०२ | ६१५ | २,८७४ |
| महिला | २२ | ४६ | ६७ | १६८ | ८८ | १७४ | ५६५ |
| **जम्मा** | **२४३** | **५१७** | **४४३** | **७५७** | **६९०** | **७८९** | **३,४३९** |

## ३.८ पेशाका आधारमा जनसंख्या विवरण

यस क्षेत्रको अधिकांश समुदायको पेशा कृषि तथा पशुपालनमा संलग्न रहेका छन् । यहाँका मानिसहरू विभिन्न पेशा डकर्मी, इलेक्ट्रीसियन, सिकर्मी, इलेक्ट्रीसियन लगायत सरकारी तथा गैह्र सरकारी पेशामा संलग्न रहेको देखिन्छ । पेशागत जनसंख्याको विवरण तालिकामा देखाइएको छ।

तालिका १०: पेशागत जनसंख्याको विवरण

| पेशा/व्यवसाय | वडा नं | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा |
| इलेक्ट्रीसियन | २ | १ | ५ | ४ | - | १ | १३ |
| उद्योग तथा व्यापार | २९ | २६३ | १३० | १४८ | २५७ | ८ | ८३५ |
| कुनै पेशा नभएको | १७४ | १,२०८ | ८२८ | १,०११ | १,१९० | ४३५ | ४८४६ |
| कृषि तथा पशुपालन | ५१८ | १,०६२ | ९०३ | १,४०५ | १,५७३ | २,६०५ | ८०६६ |
| ज्याला /मजदुरी | ५३ | २२ | २६ | १३२ | १८९ | ४ | ४२६ |
| डकर्मी | ३ | ८ | ९ | ४१ | ३ | १ | ६५ |
| ड्राइभर | २८ | ४७ | २० | ८८ | २७ | ५ | २१५ |
| नोकरी/जागिर (निजि तथा गैर सरकारी) | ६३ | १०९ | ८३ | ३३१ | ७ | २ | ५९५ |
| पेन्शन | १ | १४ | ४ | ६५ | - | - | ८४ |
| प्राविधिक क्षेत्र ( इन्जिनियर,सूचना प्रविधि,ओभरसियर, मेकानिक) | ६ | १३ | १२ | ११ | - | ७ | ४९ |
| बैदेशिक रोजगार | ५८ | १७९ | ९१ | २०५ | १३९ | ५६ | ७२८ |
| शिक्षक | ४४ | ६० | ३२ | २८ | १५ | २१ | २०० |
| सरकारी जागीर | ४ | २९ | १८ | १४ | २० | ८ | ९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सिकर्मी | ५ | १२ | ५ | १८ | १ | - | ४१ |
| सुरक्षा निकाय ( आर्मी, पुलिस, सशस्त्र प्रहरी) | ४ | २६ | ७ | ४१ | ६ | ७ | ९१ |
| स्वास्थ्य कर्मी (डाक्टर,नर्स,अहेब आदि) | १६ | १५ | ६ | ४ | २ | १ | ४४ |
| अन्य | ४७८ | ८८ | १९ | ३९५ | ५० | ८९६ | १९१८ |
| **जम्मा** | **१,४८६** | **३,१५६** | **२,१९८** | **३९४१** | **३,४७९** | **४०५७** | **१८,३१७** |

## ३.९ अपागंताको आधारमा जनसंख्या विवरण

यस गाउँपालिका क्षेत्रमा भएको जनसंख्या मध्ये अपाङ्गताको जनसंख्या विवरणलाई विभिन्न १३ वटा प्रकारमा विभाजन गरी सूचना संकलन गरिएको छ । जसअनुसार बढी अपाङ्गता वडा नं ४ मा रहेको देखिन्छ भनी सबै भन्दा कम अपाङ्गता भएको जनसंख्या वडा नं २ मा देखिन्छ। अपाङ्गता र अपाङ्गताको आधारमा वडाहरुको जनसंख्या विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११: अपाङ्गताको आधारमा जनसंख्या विवरण

| **अपाङ्गताको प्रकार** | **वडा नं** | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| अटिज्म | - | - | - | २२ | - | - |
| अनुवंशिय अपाङ्गता | - | - | १ | १ | - | - |
| न्यून दृष्टि युक्त | ११ | - | ३ | २१ | १ | - |
| पूर्ण दृष्टिबिहिन (आँखा नदेख्ने) | - | ३ | १ | ४ | - | ३ |
| बहिरापन | ५ | १ | १ | ९ | २ | १ |
| बहुअपाङ्गता | ४ | २ | १ | १ | ३ | १० |
| मानसिक वा मनोसामाजिक | ५ | - | २ | ६ | - | १ |
| बौद्धिक अपाङ्गता | - | १ | - | - | - | २ |
| शारीरिक अपाङ्गता | १० | १२ | ७ | ३१ | १५ | २५ |
| श्रवण तथा दृष्टिबिहिन | १ | - | - | २ | १ | १ |
| सुस्त श्रवण | - | १ | १ | ११ | ३ | ५ |
| स्वर र बोलाई | २ | २ | १ | ९ | १ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अन्य | - | १ | १ | १०६८ | - | १ |
| जम्मा | ३८ | २३ | १९ | १,१८५ | २६ | ५२ |

## ३.१० स्थानीयको स्वास्थ्य अवस्था

यस गाउँपालिका क्षेत्रमा भएको जनसंख्या मध्ये स्थानीयको स्वास्थ्य अवस्थाको विवरणलाई ३ वटा प्रकारमा विभाजन गरी सूचना संकलन गरिएको छ । जसअनुसार स्वस्थ जनसंख्या कुल जनसंख्याको ९५.०९ प्रतिशत रहेको देखिन्छ । यसै गरी सामान्य रोगी कुल जनसंख्या को ३.९४ प्रतिशत र दीर्घ रोगी ०.९७ प्रतिशत रहेका छन् । तालिकामा वडागत रुपमा विवरण प्रस्तुत गरिएको छ ।

तालिका १२: बेथानचोक गाउँपालिकाको स्थानीयको स्वास्थ्य अवस्था

| स्वास्थ्य अवस्था | वडा नं | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | | |
| **दीर्घ रोगी** | ७८ | २४ | ४ | ६६ | ३ | ३ | १७८ | ०.९७ |
| **सामान्य रोगी** | ४९ | ५९ | ४५ | १६९ | ३९८ | २ | ७२२ | ३.९४ |
| **स्वस्थ** | १,३५९ | ३,०७३ | २,१४९ | ३,७०६ | ३,०७८ | ४,०५२ | १७,४१७ | ९५.०९ |
| **जम्मा** | **१,४८६** | **३,१५६** | **२,१९८** | **३,९४१** | **३,४७९** | **४,०५७** | **१८,३१७** | **१०० %** |

## ३.११ स्थानीयको दीर्घ रोगको प्रकार

यस गाउँपालिका भित्र मुख्यतः दम रोगको विरामी बढी रहेको छ भने सुगर/मधुमेह, मुटु रोगी, उच्च रक्तचाप जस्ता दीर्घ रोग रहेको विरामी पनि रहेको छ।तालिकामा वडागत रूपमा विवरण प्रस्तुत गरिएको छ ।

तालिका १३: स्थानीयको दीर्घ रोगको प्रकार

| दीर्घ रोगको प्रकार | वडा नं | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | |
| **उच्च रक्तचाप** | १३ | ४ | १ | १ | - | ३ | २२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| किड्नी रोग | ४ | - | - | - | | ४ | ८ |
| क्यान्सर | १ | - | - | - | | २ | ३ |
| दम | १८ | १० | - | ३१ | २ | १५ | ७६ |
| मुटु रोगी | ११ | ३ | - | ५ | | ५ | २८ |
| सुगर/मधुमेह | १४ | २ | ३ | १३ | | २० | ५२ |
| अन्य | १७ | ४ | - | १५ | १ | - | ३७ |

## ३.१२ बसाईंसराई सम्बन्धी विवरण

बसाईंसराई को कारण पर्ने प्रभाव तथा असरले जनसंख्याको बुद्धिदर तथा ह्रास ल्याउने कुरामा महत्वपूर्ण प्रभाव पारेको हुन्छ। साथै विकासको तीव्रतामा पनि उत्तिकै भूमिका खेलेको हुन्छ। सामाजिक अवस्था कमजोर हुनु, आर्थिक आर्जनको उपाय नहुनु, आधुनिक प्रविधिको विकासको कमी हुनु, यातायातको सुविधाबाट वञ्चित रहनु र हरेक अवसरहरू कम हुनु आदि कारणबाट मानिसहरू बसाईंसराई गर्दछन् । यस गाउँपालिका क्षेत्रको १ वर्ष भित्र बसाईंसराईको अवस्थालाई अध्ययन गर्दा जम्मा ५० परिवारले बसाई सराई गरेर आएको तथ्याङ्क पाइएको छ। १ वर्ष भित्रको बसाईंसराई विवरण तालिकामा दिइएको छ ।

तालिका १४: बसाईंसराई सम्बन्धी विवरण

| वडा नं | अन्य जिल्लाबाट बसाईं सरी आएका |
|---|---|
| १ | ४ |
| २ | ३१ |
| ३ | ५ |
| ४ | ५ |
| ५ | १ |
| ६ | ४ |
| | **५०** |

## ३.१३ व्यक्तिगत घटना सम्बन्धी विवरण

यस गाउँपालिकाको व्यक्तिगत घटना सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५: व्यक्तिगत घटना सम्बन्धी विवरण

| वडा नं | जन्म दर्ता | | | | मृत्यु दर्ता | | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | अन्य जिल्लाबाट बसाई सरी आएका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | जम्मा | जम्मा | |
| १ | ९५ | ८२ | - | १७७ | २३ | १६ | - | ३९ | ७ | ६८ | ४ |
| २ | २९ | २५ | - | ५४ | २७ | २४ | - | ५१ | ९ | ११७ | ३१ |
| ३ | १२९ | १३२ | - | २६१ | २८ | २४ | - | ५२ | ६ | १०९ | ५ |
| ४ | १७० | १५३ | - | ३२३ | ८३ | ६८ | - | १५१ | १४ | १७४ | ५ |
| ५ | १४९ | १५३ | - | ३०२ | ६२ | ५० | - | ११२ | ५ | १४६ | १ |
| ६ | १९६ | २०६ | - | ४०२ | ७२ | ६० | - | १३२ | ५ | १४५ | ४ |
| | | | | १५१९ | | | | ५३७ | ४६ | ७५९ | ५० |

## ३.१४ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

यस गाउँपालिकामा सामाजिक सरक्षा भत्ता पाउने लाभान्वित जनसंख्या विवरण निम्नानुसार रहेको छ ।यसमा सवैभन्दा वढि जेष्ठ नागरिक त्यसपछि एकल महिलाको संख्या रहेको वडागत तथ्यांकबाट देखिन्छ।

तालिका १६: वडा अनुसार सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण

| वडा नं. | जेष्ठ नागरिक | जेष्ठ नागरिक दलित | जेष्ठ नागरिक एकल महिला | विधवा (आर्थिक सहायता ) | क वर्ग | ख वर्ग | दलित बाल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०३ | ३ | ८ | २२ | २ | ८ | ५ | १५१ |
| २ | १६३ | ४ | ३१ | ३८ | ५ | १२ | ८ | २६१ |
| ३ | १७९ | १३ | ३० | ३३ | ४ | ११ | २४ | २९४ |
| ४ | २६४ | ६ | ५८ | ७३ | १६ | २१ | ९ | ४४७ |
| ५ | २०० | ४ | ३१ | ६६ | ६ | १४ | ८ | ३२९ |
| ६ | २४८ | १० | ४८ | ६९ | ११ | १७ | १० | ४१३ |

# परिच्छेद ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

बेथानचोक गाउँपालिका मूलतः कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो। गाउँपालिकाको बहुसंख्यक जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि तथा पशुपालननै रहेको देखिन्छ। यहाँको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यबाली धान, मकै, गहुँ त्यसैगरी नगदेबालीहरुमा आलु, सागसब्जी, खुर्सानी, फलफूल पशुपालन अन्तर्गत गाई भैसी, बाख्रा, बंगुर, कुखुरा, दुध उत्पादन, मह तथा वनजन्य उत्पादन आदिले मुख्य योगदान पुर्याउँदै आएको देखिन्छ। यस भागमा परिच्छेदमा आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैह्र कृषि जन्य उत्पादन, सेवा, व्यापार तथा बैदेशिक रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्राहस्थ उत्पादन, आयात तथा निर्यातको अवस्थालाई विश्लेषण गरिएको छ।

### ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण

यस गाउँपालिकाको हरेक वडा भित्र विभिन्न प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संसाधनको उपलब्दता भएको देखिन्छ। बेथानचोक गाउँपालिका क्षेत्र भित्र कुल २८९ तालिम प्राप्त दक्ष जनशक्ति रहेका छन् जसमा वडा नं ६ मा तुलनात्मक रुपमा अन्य वडा भन्दा बढी जनशक्ति रहेका छन् । यस गाउँपालिका भित्र रहेका प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका जनशक्तिको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका १७: प्राविधिक सीपमुलक तालिम लिएका जनशक्तिको विवरण

| वडा न | मेसन, स्काफोल्डिङ्ग, सटरिङ्ग कार्पेन्ट्री, स्टिल फिक्स्चर | पशु स्वास्थ्य कार्यकर्ता, कृषि कार्यकर्ता | तरकारी खेती, नगदे बाली, कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामाग्री उत्पादन | च्याउ खेती, मौरी पालन, बंगुर पालन, कुखुरा पालन | जडिबुटी खेती, जडिबुटी प्रशोधन, अल्लो प्रशोधन, हाते कागज निर्माण | प्लम्बिङ्ग, विद्युत जडान, अटोमेकानिक्स, मोटरसाइकल | ब्यूटी पार्लर, सेक्युरिटी गार्ड, ड्राईभिङ्ग, केयर गिभर | इलेक्ट्रोनिक्स् मर्मत (मोबाइल, टि.भि. आदि), कम्प्युटर, इन्भर्टर निर्माण, मर्मत | थाङ्का, मूर्तिकला, वेतबाँस, मिथिला पेन्टिङ्ग, वुड कार्भिङ्ग, स्टोन | कपडामा जरी भर्ने र पेण्टिङ्ग गर्ने | कुक, वेटर/वेट्रेस, हाउस किपिङ्ग, केयर गिभर, हाउस मेड, बार मैन | सेल्स पर्सन, फ्रन्ट अफिस म्यानेजमेन्ट | सिलाई कटाई, ढाका बुनाई, गार्मेण्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोईडरी, फेशन | मैनबत्ती, अगरबत्ती, खाम बनाउने, विकेट निर्माण, प्लाष्टिक मोल्डिङ्ग, बुक बाईण्डिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | १ | - | ५ | - | - | - | १ | २ | - | - | १ | - | - | - | - | १० |
| **२** | १ | २३ | २६ | २ | ३ | - | २ | ३ | - | - | २ | - | ८ | - | ५ | ७५ |
| **३** | १ | २७ | २९ | ४ | - | - | ९ | ५ | १ | १ | १ | १ | ७ | १ | १ | ८८ |
| **४** | | ६ | ७ | - | - | ४ | ४ | २ | - | - | १ | - | ७ | - | ६ | ३७ |
| **५** | १ | ३ | २ | - | - | - | २ | ४ | - | १ | - | - | ६ | - | ५ | २४ |
| **६** | २ | ४ | ६ | ५ | - | १ | १ | १ | १ | २ | ७ | २ | २० | १ | २ | ५५ |
| **जम्मा** | **६** | **७३** | **७५** | **११** | **३** | **५** | **१९** | **१७** | **१** | **४** | **१२** | **३** | **४८** | **२** | **१९** | **२८९** |

### ४.१.२ औषत आम्दानी विवरण

यस गाउँपालिकामा मासिक आम्दानीका सम्पूर्ण श्रोतहरूलाई गणना गर्दा मासिक ३६.८४ प्रतिशत जनसंख्याले मासिक ने.रू बीस हजार सम्म आम्दानी गर्ने गरेको देखिन्छ भने ३८.४६ प्रतिशत घरधुरीले मासिक बीस देखि पचास हजार सम्म आम्दानी गर्ने गरेका छन्। यस गाउँपालिकामा मासिक बीस देखि पचास हजार सम्म आम्दानी गर्ने जनसंख्या बढी रहेको छ भने कुल ०.८९ प्रतिशत जनसंख्याले मात्र पाँच लाख भन्दा बढी आम्दानी गर्ने गरेको देखिन्छ। वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १८: मासिक आम्दानी विवरण

| वडा नं. | २०,००० भन्दा कम | २०,००० देखि ५०,००० सम्म | ५०,००० देखि १००,०० ० सम्म | १००,००० देखि १५०,००० सम्म | १५०,००० देखि ५००,००० | ५००,००० भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७९ | ६६६ | ४८७ | ११० | ८२ | ६२ | १,४८६ |
| २ | २४५ | ७९९ | १,३९९ | १९२ | ४४१ | ८० | ३,१५६ |
| ३ | ८८९ | ७७२ | ३२४ | ३७ | १७६ | - | २,१९८ |
| ४ | १,५८८ | १,७०६ | ५३८ | ३३ | ५७ | १९ | ३,९४१ |
| ५ | ९९६ | २,०६९ | १९२ | ३५ | १८४ | ३ | ३,४७९ |
| ६ | २,९५२ | १,०३३ | ७२ | - | - | - | ४,०५६ |
| जम्मा | ६,७४९ | ७,०४५ | ३,०१२ | ४०७ | ९४० | १६४ | १८,३१७ |
| प्रतिशत | ३६.८४ | ३८.४६ | १६.४४ | २.२१ | ५.१३ | ०.८९ | १०० |

### ४.१.३ खाद्य सुरक्षाको अवस्था

खाद्य सुरक्षाको दृष्टिकोणले यस गाउँपालिकामा भएको घरधुरी मध्ये १७.६२ प्रतिशत घरलाई आफ्नो उत्पादनले ३ महिना भन्दा कम पुग्ने गरेको देखिन्छ। त्यसै गरी ३ देखि ६ महिना सम्म पुग्ने घरपरिवार ५५.९२ प्रतिशत छन्। ६ देखि ९ महिना सम्म पुग्ने घरधुरी १६.४२ प्रतिशत र ९ महिना देखि एक वर्ष पुग्ने १०.०३ प्रतिशत घरधुरी रहेको छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १९: खाद्यान्न सुरक्षाको अवस्था

| वडा नं | ३ महिना भन्दा कम | ३ देखि ६ महिना खान पुग्ने परिवार | ६ देखि ९ महिना खान पुग्ने परिवार | ९ देखि एक वर्ष पुग्ने परिवार |
|---|---|---|---|---|
| १ | ० | १४ | ३७ | १९२ |
| २ | ७४ | ३६५ | ७२ | ६ |
| ३ | १५२ | २३६ | ४१ | १४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ३०१ | ३९४ | २३ | ३९ |
| ५ | ७७ | ४६० | ११८ | ३५ |
| ६ | १२० | ३३६ | २७४ | ५९ |
| **जम्मा** | **१३३०** | **१,८०५** | **५६५** | **३४५** |

### ४.१.४ आवास संरचना विवरण

यस बेथानचोक गाउँपालिकामा भएका घरहरू मध्ये बनोट संरचनाका आधारमा सबै भन्द धेरै ढुङ्गा र माटोले जोडेको घरहरू ८८.६९ प्रतिशत रहेको छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २०: आवास संरचना विवरण

| बसोबास गर्ने घरको जगको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | फ्रेम स्ट्रक्चर | काठको खम्बा | ढुंगा र माटो | लोड बियरिंग | सिमेन्ट र ढुंगा | अन्य | जम्मा |
| १ | ५ | - | २१० | १० | १८ | - | २४३ |
| २ | - | १ | ४०८ | - | १०८ | - | ५१७ |
| ३ | २ | - | ३२८ | ५३ | ६० | - | ४४३ |
| ४ | - | - | ६८६ | - | ७१ | - | ७५७ |
| ५ | - | - | ६३९ | - | ४८ | ३ | ६९० |
| ६ | - | - | ७७९ | - | १० | - | ७८९ |
| **जम्मा** | ७ | १ | ३,०५० | ६३ | ३१५ | ३ | ३,४३९ |
| **प्रतिशत** | ०.२ | ०.०३ | ८८.६९ | १.८३ | ९.१६ | ०.०९ | १०० |

#### ४.१.४.१ घरको छतको किसिम

यस बेथानचोक गाउँपालिमा भएका घरहरू छतको किसिमको आधारमा जस्ताको छानाको छत भएको घरहरूको संख्या ३०१७ (८७.२८ प्रतिशत) रहेको छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २१: घरहरू छतको किसिम

| घरको छतको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं | आर.सी.सी ढलान | जस्ता वा च्यादरको छाना | जस्ताको छाना | टायल वा ढुंगाको छाना | फुस वा खरको छाना | कच्ची टिनको | जम्मा |
| १ | २२ | १ | २१७ | - | - | ३ | २४३ |
| २ | ६२ | - | ४२५ | २७ | ३ | - | ५१७ |
| ३ | ५२ | १ | ३८६ | ३ | १ | - | ४४३ |
| ४ | १४१ | १ | ५८६ | २३ | १ | ५ | ७५७ |
| ५ | ५ | - | ६५७ | ६ | १५ | ७ | ६९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | १२ | १ | ७४६ | २५ | २ | १ | ७८९ |
| **जम्मा** | २९४ | ४ | ३,०१७ | ८४ | ४२ | १६ | ३,४५७ |
| **प्रतिशत** | ८.५० | ०.११ | ८७.२८ | २.४२ | १.२२ | ०.४७ | १०० |

### ४.१.४.२ घरको स्वामित्व

यस बेथानचोक गाउँपालिकामा भएका घरहरूको स्वामित्वको प्रकार हेर्दा कुल ३४४२ घरधुरी मध्ये ३१२६ (९०.८२ प्रतिशत) घरधुरी निजी स्वामित्वमा रहेको छ। वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २२: घरहरूको स्वामित्व

| घरको स्वामित्व् | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं** | **निजि** | **भाडा** | **एकै घर तर फरक भान्छा** | **भोग चलनमा रहेको तर स्थायी पुजी प्राप्त नभएको** | **सार्वजनिक जग्गा/सुकुम्बासी** | **अन्य** | **जम्मा** |
| १ | २३८ | ५ | - | - | - | - | २४३ |
| २ | ५०४ | १० | - | - | - | ३ | ५१७ |
| ३ | ४३८ | ४ | - | - | - | १ | ४४३ |
| ४ | ७३४ | २ | १९ | २ | - | - | ७५७ |
| ५ | ५५३ | १३ | ८ | ११३ | १ | २ | ६९० |
| ६ | ६५६ | १० | ५ | ११५ | ३ | - | ७८९ |
| **जम्मा** | ३१२६ | ४४ | ३२ | २३० | ४ | ६ | ३४४२ |
| **प्रतिशत** | ९०.८२ | १.२७ | ०.९२ | ६.६८ | ०.१२ | ०.१८ | १००% |

### ४.१.५ गरिबीको दर (गरिबीको रेखामुनी रहेको जनसंख्या)

मानव विकास सूचकाङ्क २०२० को प्रतिवेदन अनुसार समग्र बागमती प्रदेशको मानव विकास सम्बन्धी सूचकहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रस्तुत सन्दर्भमा बागमती प्रदेशको आधारलाईनै बेथानचोक गाउँपालिकाको मानव विकास सूचकाङ्क अनुमान गरिएको छ।

तालिका २३: गरिबीको दर

| क्र. सं. | विवरण | बागमती प्रदेश | नेपाल |
|---|---|---|---|
| औषत आयु | मान | ७२.०१ | ७०.५ |
| | सूचक | ०.८०० | |
| प्रौढ साक्षरता | मान | १४.०७ | १२.७ |
| | सूचक | ०.६०३ | |
| विद्यालय जाने औषत उमेर | मान | ६.३७ | ४.९ |
| | सूचक | | |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | मान | | १३३६.५ |

| | सूचक | ०.५९८ | |
|---|---|---|---|
| मानव विकास सूचकाङ्क (HDI) | ज्यामितीय | ०.६६१ | ०.५७९ |

*स्रोत: UNDP HUMAN DEVELOPMENT REPORT, NEPAL, 2020*

### ४.१.६ बेरोजगार सम्बन्धी विवरण

यस गाउँपालिकामा सबै भन्दा धेरै वडा नं २ मा कुनै पेशा नभएको जनसंख्या रहेको छ भने कम वडा नं १ मा रहेको छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २४: बेरोजगार सम्बन्धी विवरण

| वडा नं. | कुनै पेशा नभएको |
|---|---|
| १ | १७४ |
| २ | १,२०८ |
| ३ | ८२८ |
| ४ | १,०११ |
| ५ | १,१९० |
| ६ | ४३५ |
| जम्मा | ४,८४६ |

### ४.१.७ वैदेशिक रोजगारी सम्बन्धी विवरण

यस गाउँपालिकाबाट रोजगारीको लागि तेस्रो देशमा युवाहरू जाने क्रम देखिन्छ । गाउँपालिका भित्र जम्मा ९८९ जना वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक गएको देखिन्छ ।

तालिका २५: वैदेशिक रोजगारी सम्बन्धी विवरण

| वडा नं. | वैदेशिक रोजगारीमा अन्य मुलुक भएका जनसंख्या |
|---|---|
| १ | ६५ |
| २ | १९४ |
| ३ | ९४ |
| ४ | २२० |
| ५ | २७१ |
| ६ | १४५ |
| जम्मा | ९८९ |

### ४.१.८ भोगचलन अनुसार घरजग्गाको स्वामित्व सम्बन्धी विवरण

यस गाउँपालिकामा भएका घरधुरी अधिकांश निजी स्वामित्वका रहेका छन् । कुल घरधुरीहरु मध्ये ९०.६६प्रतिशत घरजग्गा निजी स्वामित्वका रहेका छन् । ६.६५ प्रतिशत भोगचलनमा रहेको तर स्थायी पुर्जी प्राप्त नभएको देखिएको छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २६: भोगचलन अनुसार घरजग्गाको स्वामित्व सम्बन्धी विवरण

| वडा नं. | विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निजी | भाडा | एकै घर तर फरक भान्छा | भोग चलनमा रहेको तर स्थायी पुर्जी प्राप्त नभएको | सार्वजनिक जग्गा/सुकुमबासी | अन्य | जम्मा |
| १ | २३८ | ५ | - | - | - | - | २४३ |
| २ | ५०४ | १० | - | - | - | ३ | ५१७ |
| ३ | ४३८ | ४ | - | - | - | १ | ४४३ |
| ४ | ७३१ | २ | १९ | २ | - | ३ | ७५७ |
| ५ | ५५२ | १२ | ७ | ११२ | १ | ६ | ६९० |
| ६ | ६५६ | १० | ५ | ११५ | ३ | १ | ७८९ |
| जम्मा | ३,११९ | ४३ | ३१ | २२९ | ४ | १४ | ३,४४० |

## ४.२ भू उपयोग तथा स्वामित्व

### ४.२.१ वर्तमान भू-उपयोग

यस गाउँपालिकामा भएको जमिनहरूलाई विभिन्न प्रयोजनको लागि प्रयोग गरिदैं आएको छ । तुलनात्मक रूपले यस गाउँपालिकामा वन क्षेत्र धेरै रहेको छ । जमिनको प्रकार अनुसार विभिन्न भू-उपयोगको क्षेत्रफल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २७: वर्तमान भू-उपयोग विवरण

| क्र. सं. | जमिनको प्रकार | क्षेत्रफल (हेक्टरमा) | प्रतिशतमा |
|---|---|---|---|
| १ | वन क्षेत्र | ७६९९.४४ | ७७.०३ |
| २ | कृषि क्षेत्र | १६५०.३९ | १६.५१ |
| ३ | वस्ति क्षेत्र | ५२८.३३ | ५.२८ |
| ४ | चरण क्षेत्र | १.७७ | ०.०१ |
| ५ | बाँझो जमिन | ३.८४ | ०.०३ |
| ६ | खोला, खोल्सी, ताल, पोखरी | १०९.८३ | १.०९ |

## ४.३ कृषि तथा पशुपालन

### ४.३.१ मौरीपालन सम्बन्धी विवरण

यस गाउँपालिकामा कृषकहरुले मौरीपालनलाई मुख्य रुपमा कृषि व्यवसायको रुपमा लिएको रहेको छ । वडा नं १ मौरीपालन गर्ने घरधुरी धेरै रहेको छ भने कम वडा नं ६ मा रहेको छ । मौरीको घारको प्रकारमा परम्परागत घार सबै भन्दा धेरै ३११ घार रहेको छ ।

तालिका २८: मौरीपालन सम्बन्धी विवरण

| वडा नं | मौरीपालन गर्ने घरधुरी संख्या | आधुनिक घार | परम्परागत घार |
|---|---|---|---|
| १ | ७२ | २१० | ७४४ |
| २ | ५१ | १७१ | ३२७ |
| ३ | ४६ | ६६ | ३८६ |
| ४ | ३६ | १९० | ३४४ |
| ५ | ८ | २० | २८ |
| ६ | ४ | २३ | २३ |
| **जम्मा** | | **१२३** | **३११** |

### ४.३.२ सिंचाईको स्रोत सम्बन्धी विवरण

यस गाउँपालिकामा सिचाईको मुख्य श्रोतमा आकाशे पानी सबैभन्दा धेरै २,८१७ घरधुरीले सिचाईको रुपमा आकाशे पानीको प्रयोग गर्ने गर्छन । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २९: सिंचाईको स्रोत सम्बन्धी विवरण

| सिंचाईको स्रोत | वडा नं | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | |
| आकाशे पानी | २०८ | २९७ | ४४६ | ७३८ | ५४२ | ६२१ | २,८१७ |
| लिफ्टिंग | ३१ | १४३ | १० | १० | ९९ | ७७ | ३७० |
| निजी मुहान | ४ | ७० | २० | ५ | ३६ | ६६ | २०१ |
| कुवा, पोखरी, ईनार | ० | ७ | १ | ३ | ९ | १९ | ३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ट्युब वेल | ० | ० | १ | १ | ४ | ६ | १२ |
| **जम्मा** | २४३ | ५१७ | ४४३ | ७५७ | ६९० | ७८९ | ३,४३९ |

### ४.३.३ कृषि उत्पादन सम्बन्धी विवरण

#### ४.३.३.१ खाद्यबाली उत्पादन गर्ने घरधुरी

यस गाउँपालिकाको कृषि उत्पादनमा प्रमुख रुपमा धान, मकै तथा गहुँ रहेको छ । यस गाउँपालिकका केही वडाहरु मकै उत्पादनका लागि सुपरजोनको रुपमा रहेको छ । वडागत रुपमा खाद्यबाली उत्पादन गर्ने घरधुरीलाई तालिकामा दिईएको छ।

तालिका ३०: खाद्यबाली उत्पादन गर्ने घरधुरीको विवरण

| **खाद्यबाली** | **वडा नं** | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| **अन्नबाली** | | | | | | |
| धान | २५ | ७ | ८१ | ३८ | ५९ | १३१ |
| मकै | २४३ | ४६१ | ४८२ | ७५७ | ५९८ | ४५७ |
| गहुँ | ७ | ६४ | ७७ | ७३ | ११० | ९२ |
| कोदो | ८३ | १ | ३ | २ | ४ | ६ |
| अन्य | २ | ९ | ८ | ७९ | ३ | ८ |
| **दलहन** | | | | | | |
| भटमास | ० | ८ | ४६ | ७२ | ६० | १० |
| मस्यांग | ६ | ० | ० | ० | ० | १० |
| मुसुर | १० | २२ | १९ | १२ | २० | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| केराउ | १५ | ४२ | ५३ | ६२ | ७३ | ३१ |

### ४.३.३.२ नगदेबाली उत्पादन

यस गाउँपालिका क्षेत्रमा उत्पादन हुने प्रमुख नगदेबालीहरुमा मह, प्याज, लसुन खेती हुने गरेको छ । यी उत्पादन भएका नगदेबालीहरु स्थानीय खपतका साथै नजिकको बजारमा किसानहरुले संकलन गरी विक्री वितरण समेत गर्ने गरेको पाईन्छ ।

तालिका ३१: नगदेबाली उत्पादन गर्ने घरधुरीको विवरण

| नगदेबाली | वडा नं | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| मह | ७२ | ५१ | ४६ | ३६ | ८ | ४ |
| अदुवा, बेसार | १४ | ० | १ | २८ | १५ | १ |
| प्याज, लसुन | २८ | २४ | ५२ | १९९ | १०९ | १३ |
| लप्सी | ० | ० | १३ | १६ | ७२ | ५९ |

### ४.३.३.३ फलफूल उत्पादन

यस गाउँपालिका क्षेत्रमा उत्पादन हुने प्रमुख फलफूलहरूमा अमिलो जातका फलफूलहरू उत्पादन हुने गर्दछ । यहाँ उत्पादन भएका सुन्तला, कागती स्थानीय खपतका साथै साना व्यापारीहरू मार्फत पनौती, बनेपा बजारमा विक्री हुने गरेको छ। गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने फलफूलको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३२: फलफूल उत्पादन गर्ने घरधुरी विवरण

| फलफूल | वडा नं | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| नास्पाती | ० | २ | १ | १ | ४ | १ |
| सुन्तला | ० | ० | १ | ७१ | ११ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कागती | ० | ० | ० | ७३ | ३ | ३ |
| अम्बा | ० | ० | ० | १ | २ | १ |
| केरा,मेवा | ० | ० | ० | ३ | १ | ० |

### ४.३.३.४ तरकारी उत्पादन

यस गाउँपालिकाका क्षेत्रमा उत्पादन हुने प्रमुख तरकारीमा आलु, काउली, बन्दा, काँक्रो, फर्सी, लौका, करेला हुन् । यहाँ उत्पादन भएका तरकारी धेरै जसो स्थानीय खपतका हुने गरेको छ । गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने तरकारीको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३३: तरकारी उत्पादन गर्ने घरधुरी विवरण

| तरकारी | वडा नं | | | | | |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| आलु | ९ | ३३८ | २१६ | ७३ | ६२ | १२ |
| काउली, बन्दा | १० | १४४ | ६८ | ६० | ३३ | १५ |
| बोडी, सिमि | ११ | ४ | १२ | ११८ | ८३ | १३ |
| टमाटर | ८ | ४ | ३५ | १२ | ६१ | २४ |
| काक्रो, फर्सी, लौका, करेला | १११ | ६२ | १३० | १६१ | १२६ | १० |

### ४.३.४ पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरण

यस गाउँपालिकाका मानिसहरुले दुध, मासु, मल, कृषि कार्य र ढुवानी आदी प्रयोजनको लागि पशुपालन गर्ने गरेको देखिन्छ। यहाँ पालिने प्रमुख पशुपक्षीहरुमा भैसी, गोरु, गाई, सुँगुर, बाखा तथा कुखुरा र हाँस आदी रहेका छन्। दुध उत्पादनका लागि गाई र भैसी पालेको देखिन्छ। यस

बाहेक जमिन जोत्न गोरुको प्रयोग र मासुको लागि बाखा, सुँगुर, कुखरा, राँगा पाल्ने गरिन्छ। वडामा रहेका पशुपंक्षीजन्यहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३४: पशुपंक्षीजन्य उत्पादन सम्बन्धी विवरण

| वडा नं | गाइ | गोरू | राँगा | भैंसी | बाखा | सुँगुर/बंगुर | कुखुरा/हाँस |
|---|---|---|---|---|---|---|---|
| १ | १,०४० | १८० | ३२४ | ३,८५४ | ५,९६९ | ११ | ४२२० |
| २ | २,४२० | १४५ | ६७ | ३,७४७ | ६,५६१ | २९० | ८७,००७ |
| ३ | २,३१७ | ७९ | ९७ | २,३६५ | ३,६८१ | १८१ | १,९३६ |
| ४ | ६९५ | १०३ | ८७६ | ३,२७९ | २०,०६९ | २१३ | ३९,६८९ |
| ५ | ७६१ | १४८ | ४३१ | २,०५९ | १४,९५२ | १९८ | ७४,९३४ |
| ६ | १६६ | ५४ | १५६ | १,०९४ | ६,७८२ | ६८ | ६,२०२ |

### ४.३.५ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा

यस गाउँपालिका उत्पादन हुने प्रमुख खाद्यबालीहरुमा धान, मकै, कोदो आदि पर्दछन् । परम्परागत रुपमा गरिने यी खेति बालीहरुमा भौगोलिक अवस्थति तथा अन्य बाह्य कारणहरुले बेलाबेलामा रोग तथा किराको संक्रमण हुने गरेको छ । विशेषगरी धानबालीमा डढुवा, मरुवा, खैरो थोप्ले रोगले सताउने गरेको छ । त्यसै गरी किरा जन्य प्रकोपहरुमा पात वेरुवा, फड्के किरा, पतेरो लाग्ने गर्दछ । मकै बालीमा गवारो, खुम्रे, फेदकटुवा जस्ता किराहरु र कालोपोके (स्मट) ढडुवा, आदि रोगहरु लाग्ने गर्दछ । यी बालीहरुमा रोग लागेको अवस्थामा किसानहरु कृषि सेवा केन्द्रको परामर्शमा वा एग्रो भेटको परामर्शमा औषधी गर्ने गरिएको छ।

### ४.३.६ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किरा

यस गाउँपालिकामा हुने प्रमुख फलफूलहरुमा सुन्तला, कागती, भोगटे आदि हुने गरेको छ । त्यसै गरी तरकारी बाली अन्तर्गत काउली, आलु, लौका, घिरौंला, काँक्रा, फर्सी, बोडी आदी पर्दछन् । यी बाली अन्तर्गत फलफूलहरुमा लाग्ने प्रमुख रोग किराहरुमा अमिलो जातिमा क्याङकर, फ्रुट फ्लाई, भाइरस, गुलाभी रोग, कालो ढुसी, फेद कुहिने आदि लाग्ने गरेको छ । केरामा गभारो, पनामा विल्ट, कोत्रे, डाँठको घुन, लाही आदि लाग्ने गर्दछ । त्यसै गरी तरकारीबालीमा लाग्ने रोगमा जरामा गाँठा पर्ने रोग, डाँठ कुहिने रोग, अल्टरनेरिया थोप्ले, बन्दाको पुतली, काँक्रा फर्सीमा लाग्ने रोगहरुमा, पाउडरी मिलड्यु र डाउनी मिलड्यु, दाद, एन्थ्रयाकनोज जस्ता रोग लाग्दछन् भने किराहरुमा रातोखपटे, लाही, सेता झिंगा र औंसा आदिले सताउने गर्दछ ।

### ४.३.७ पशु पन्छिमा लाग्ने रोग तथा किरा

यस गाउँपालिका पालिने प्रमुख पशुपक्षिहरुमा गाई, गोरु, बाखा, कुखुरा, सुँगुर आदि पालिने गरिन्छ । पशुबस्तुहरुमा लाग्ने बाह्य परजीविहरुमा किर्ना, जुर्मा, नाम्लेजुका, फित्तेजुका आदि पर्दछन् । यी पशुबस्तुमा लाग्ने प्रमुख रोगहरुमा लौमुले, कक्सीडियोसिस, भ्यागुते, ब्रुसेलोसिस, चरचरे, थुनेलो, खोरेत, साउने, मिल्कफिवर आदि लाग्ने गरेको छ । त्यसै गरी बाखाहरुमा पिपिआर, क्षयरोग र कुखुरामा बिफर, गम्बोरो, रानीखेत, बर्डफ्लू आदि लाग्ने गरेको पाईन्छ।

### ४.३.८ व्यावसायिक कृषि फर्म सम्बन्धी विवरण

यस गाउँपालिका भित्र रहेको फर्म तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३५: व्यावसायिक कृषि फर्महरूको विवरण

| क्र. सं. | पशुपालन फर्म | फर्म रहेको ठेगाना (स्थान) | वार्षिक उत्पादन | | | प्रोपाइटरको नाम |
|---|---|---|---|---|---|---|
| | | | उत्पादित वस्तु | इकाई | परिमाण | |
| १. | दाहाल पशुपालन | बेथानचोक-१ | | | | सोम प्रसाद दाहाल |
| २. | तिमल्सिना पशुपालन | बेथानचोक-१ | | | | प्रकाश तिमल्सिना |
| ३. | राज पशुपन्छी तथा कृषि | बेथानचोक-१ | | | | राज कुमार श्रेष्ट |
| ४. | सुर्य कृषि फर्म | बेथानचोक-१ | | | | सुर्य बहादुर गोले |
| ५. | चन्देवि कृषि फर्म | बेथानचोक-१ | | | | लेखनाथ दाहाल |
| ६. | महेश्वरी कृषि फर्म | बेथानचोक-१ | | | | विष्णु प्रसाद तिमल्सिना |
| ७. | अल्कापुरी कृषि फर्म | बेथानचोक-१ | | | | नोकर्ण गौतम |
| ८. | अल्कापुरी कृषि तथा पशुपालन फर्म | बेथानचोक-१ | | | | हिरा मणि सापकोटा |
| ९. | गणेश कृषि फर्म | बेथानचोक-१ | | | | इन्द्र माई ब्लोन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | ढुंखर्क कालापानी कृषि फर्म | बेथानचोक-२ | | | | भिम प्रसाद ढुंगाना |
| ११. | बेथानचोक बाख्रा फर्म | बेथानचोक-२ | मासु | | | नमराज तिमल्सिना |
| १२. | ढुंखर्क कृषि फर्म | बेथानचोक-२ | | | | सीताराम तिमल्सिना |
| १३. | बेथानचोक नारायन कृषि फर्म | बेथानचोक-२ | | | | राम प्रसाद तिमल्सिना |
| १४. | भीमेश्वर कृषि फर्म | बेथानचोक-२ | | | | राजेन्द्र दंगाल |
| १५. | खहरे कृषि तथा जडीबुटी | बेथानचोक-२ | | | | कृष्ण प्रसाद तिमल्सिना |
| १६. | ढुंखर्क तरकारी फर्म | बेथानचोक-२ | | | | ठूली माया तामाङ |
| १७. | कालीदेवी कृषि फर्म | बेथानचोक-२ | | | | टिकराम तिमल्सिना |
| १८. | कोल्काटे पशुपालन | बेथानचोक-२ | | | | सोमनाथ तिमल्सिना |
| १९. | राधाकृष्ण कृषि फर्म | बेथानचोक-२ | | | | बालकृष्ण तिमल्सिना |
| २०. | सुजित जडीबुटी तथा कृषि फर्म | बेथानचोक-३ | | | | राजकुराम तिमल्सिना |
| २१. | जना च्याल्टिडाँडा कृषि फर्म | बेथानचोक-३ | | | | जनक प्रसाद तिमल्सिना |
| २२. | माझ खाण्ड पशुपालन | बेथानचोक-३ | दुध, मासु | | | युवा प्रसाद घिमिरे |
| २३. | | | | | | |
| २४. | आत्रेय पशुपालन | बेथानचोक-३ | दूध, मासु | | | चेतनाथ पौडेल |
| २५. | | | | | | |
| २६. | न्यू महांकाल कृषि फर्म | भुग्देउ | | | | जिवनाथ तिमल्सिना |
| २७. | भुग्देउ कृषि फर्म | भुग्देउ | | | | ईश्वरी प्रसाद तिमल्सिना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८. | काभ्रेली उन्नत बाख्रा तथा कृषि विकास प्रा. ली. | तवारी | | | | राजकुमार लामिछाने मगर |
| २९. | मेधाम्सु कृषि फर्म | मेधाम्सु | | | | जय बहादुर वाईवा |
| ३०. | महाभारत कृषि फर्म | भुग्देउ, बनेपा | | | | पूर्ण मान वाइवा |
| ३१. | माउण्ट महाभारत ईको अर्गानिक फर्म होमस्टे | बेथानचोक-३ | | | | कमल नेपाल |
| ३२. | दमार बाख्रा फर्म | बेथानचोक-५ | मासु | | | झलक मान लामा |
| ३३. | मंजुश्री कृषि फर्म | बेथानचोक-६ | | | | सबिन तामांग |

### ४.३.९ कृषि तथा पशुपालनसँग सम्बन्धित मानव संशाधन

नीतिगत प्रावधान अनुसार यस गाउँपालिकाका कार्यालयमा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको संरचना कायम गरिएको छ । यी सेवा केन्द्र मार्फत कृषि तथा पशुपालनसँग सम्बन्धित प्राविधिक जनशक्तिले समुदायमा सेवा प्रदान गर्दै आउनुभएको छ । त्यसै गरी वडा कार्यालयहरुमा पनि सम्बन्धित बिषयको जनशक्ति परिचालन गरिएको छ । विभिन्न एग्रोभेट मार्फत प्राविधिकहरुले कृषि र पशुसँग सम्बन्धित परामर्श सेवा प्रदान गर्दै आइरहेका छन् । स्थानीय गैह्रसरकारी संस्थाहरुले आफनो परियोजनाको उद्देश्य अनुसारका गतिविधिहरुमा समेत अल्पकालिन अवधिका लागि यस किसिमका जनशक्ति वस्ती वस्तीमा परिचालन गरेको पाईएको छ ।

### ४.३.१० संकलन केन्द्र तथा चिस्यान केन्द्र

यस गाउँपालिकामा उत्पादन हुने तरकारी, फलफुल, दूधको लागि ७ चिस्यान केन्द्रहरु स्थापना गरिएको छ। निजी स्तरमा साना व्यापारी मार्फत विशेषगरी सागसब्जी, दूध तथा फलफूललाई स्थानीय साना बजार तथा व्यापारी समक्ष लैजाने गरेको पाईन्छ ।

तालिका ३६: दैनिक दुध उत्पादन सम्बन्धी विवरण

| वडा नं | दैनिक दूध उत्पादन (लिटर) |
|---|---|
| १ | २,२२३ |
| २ | ३,६३४ |
| ३ | ३,५१९ |

| | |
|---|---|
| ४ | १,१६० |
| ५ | १,१३३ |
| ६ | ४३२ |
| **जम्मा** | **१२,१०१** |

### ४.३.११ कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण

यस गाउँपालिका भित्रका वडामा कृषिबजार रहेको छ। यहाँ उत्पादन भएका कृषि जन्य उपजहरु बनेपा, पनौती र काठमाडौं क्षेत्रमा समेत विक्री वितरण गर्ने गरिएको छ । दैनिक उपभोग्य वस्तुहरु खरिद तथा बिक्रीका लागि स्थानीय बजारहरु मार्फत गर्ने गरिएको छ ।

तालिका ३७: कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण

| कृषि बजार | | |
|---|---|---|
| **वडा नं** | **कृषि बजारको स्थल** | **उपलब्ध प्रमुख पूर्वाधार** |
| १ | च्याम्रंङबेशी | घर, बिजुली, पानी |
| २ | ढुंखर्क, गेल्दुङ | घर, बिजुली, पानी |
| ३ | महाँकालथान | घर, बिजुली, पानी |
| ४ | पार्थली | घर, बिजुली, पानी |
| ४ | चलाल गणेस्थान | घर, बिजुली, पानी |
| ५ | भंगाला | घर, बिजुली, पानी |
| ५ | च्याल्टि | घर, बिजुली, पानी |
| ५ | कमिडाँडा | घर, बिजुली, पानी |
| ६ | भन्ज्यांग | घर, बिजुली, पानी |
| ६ | भुग्देउ | घर, बिजुली, पानी |
| ६ | मेधाम्सु | घर, बिजुली, पानी |

## ४.४ पर्यटन विकास

### ४.४.१ पर्यटकीय स्थलहरूको विवरण

यस गाउँपालिकाको विभिन्न वडा भित्र रहेको पर्यटकीय स्थलहरूको नाम तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३८:पर्यटकीय स्थलहरूको विवरण

| क्र. सं. | पर्यटकीय स्थलहरूको नाम | स्थलको महत्व | दैनिक औषतमा आउने पर्यटकहरूको संख्या |
|---|---|---|---|
| वडा नं १ | | | |
| | उत्तरदक्षिण व्यापारमार्ग | | |

| | | | |
|---|---|---|---|
| | चिलम पुड्के महादेव | | |
| | शिद्देश्वर महादेव | | |
| | महांकाल मन्दिर | | |
| | तीनतले झरना | पर्यटनको हिसाबले महत्वपूर्ण | |
| वडा नं २ | | | |
| | शिवपार्वती गुफा | ऐतिहासिक दृष्टिल महत्वपूर्ण | |
| वडा नं ३ | | | |
| | बेथानचोक नारायणथान | धार्मिक तथा पर्यटकिय रूपमा महत्वपूर्ण | |
| | तामाङ परम्परागत संग्रहालय | तामाङ जातिको खानपान, रहनसहन जस्ता सबै सामग्रीहरू राखिएको, तामाङ जातिले प्रयोग गर्ने मौलिक चुलो, रक्सी बनाउने भाँडा, विभिन्न पाक् कार्यका लागि चाहिने मौलिक सामग्रीहरू, तामाङ समुदायले बजाउने सबै खाले बाजाहरू | |
| | बुढा महांकाल | महांकालको बास रहेको | |
| वडा नं ४ | | | |
| | गुम्बाडाँडा भ्युटावर | पर्यटनको हिसाबले महत्वपूर्ण | |
| वडा नं ५ | | | |
| | कपेर महांकाल गढी | ऐतिहासिक तथा धार्मिक महत्व | |
| | थामडाँडा गढी | ऐतिहासिक महत्व | |
| | उत्तरदक्षिण व्यापारमार्ग | | |
| वडा नं ६ | | | |
| | भुग्देउ महांकाल | मन्दिरको गर्भमा एउटा त्रिकोणात्मक त्रिभुजाकार र अर्को उल्टो फर्किएको प्राकृतिक शिवलिंग रहेको छ, तीन ढुंगामध्ये एउटा गोरखाली र इन्डिया कम्पनीसँग युद्ध हुँदा सिन्धुलीबाट फर्किंदा राखिएको कोशेढुंगा रहेको | |

*स्रोतः बेथानचोक गाउँपालिकाको सांस्कृतिक तथा पुरातात्विक अध्ययन*

## ४.५ बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण

यस गाउँपालिकामा वित्तिय कारोकार गर्ने बैंक तथा अन्य संघसंस्थाहरु स्थापना भएका छन् । प्रमुख वैंकहरुमा ग्लोबल आइएमई रहेको छ भने वडा वडामा सञ्चालन भएका सहकारी संस्थाहरुले साना स्केलमा वित्तीय कारोबार शुरुवात गरेका छन् । गाउँ बस्तीमा छरिएर रहेका पुँजी संकलन र परिचालनको लागि सहकारी संस्थाहरुको भूमिका महत्वपूर्ण देखिएको छ ।

तालिका ३९: बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण

| सि नं | बैंकको नाम | वडा नं | वार्षिक कारोबार रकम (रु हजारमा) | लगानी रकम (रु) | लगानीको मुख्य क्षेत्र |
|---|---|---|---|---|---|
| १ | ग्लोबल आइ एम ई बैंक | २ | ८,८१,२८ | १,२०,०० | घर निर्माण, साना उद्योग, गाडी खरिद, व्यापार व्यवसाय |

### ४.५.१ लघु वित्त संस्था सम्बन्धी विवरण

तालिका ४०: सहकारी सम्बन्धी विवरण

| सि नं | बैंकको नाम | वडा नं | वार्षिक कारोबार रकम (रु हजारमा) | लगानी रकम (रु) | लगानीको मुख्य क्षेत्र |
|---|---|---|---|---|---|
| १ | कालिका लघु वित्त वित्तिय संस्था लि | २ | ६०,०० | ५७,८५ | घर निर्माण, साना उद्योग, व्यापार व्यवसाय, कृषि |
| २ | मिर्मिरे लघु वित्त वित्तिय संस्था लि | २ | ४,००,०० | २,००,०० | घर निर्माण, साना उद्योग, व्यापार व्यवसाय, कृषि |
| ३ | विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था (लघु वित्त वित्तिय संस्था लि) | २ | ३,२९,०० | १,९३,०४ | घर निर्माण, साना उद्योग, व्यापार व्यवसाय, कृषि |
| | **जम्मा** | | **१६,७०,२८** | **५,७०,८८** | |

### ४.५.२ सहकारी, बचत तथा ऋण समूह सम्बन्धी विवरण

तालिका ४१: सहकारी, बचत तथा ऋण समूह सम्बन्धी विवरण

| क्र. सं. | संस्थाको नाम र ठेगाना | वडा नं | समूहको सदस्य संख्या | लगानी रकम (रु) | लगानीको मुख्य क्षेत्र |
|---|---|---|---|---|---|
| १. | नभप्रतिभा बहुमुखी सहकारी संस्था लि | १ | ६९४ | ३,९३,००,५६६ | कृषि, व्यापार |
| २. | श्री चक्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि | १ | ६३७ | २,५२,५१,५१३ | |
| ३. | अलकापुरी जैविक कफी उत्पादक सहकारी संस्था लि | १ | ४४ | ६,५०,००० | कफी |
| ४. | श्री महांकालस्थान महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि | १ | २१३ | २३,६१,४१५ | |
| ५. | भगवती कृषि सहकारी संस्था लि | २ | ५२५ | ४९,८३,५४८ | |
| ६. | सामुदायिक बचत तथा ऋण सहकी संस्था लि | २ | ८१२ | ६०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (शाखा कार्यालय) | | | | |
| ७. | ज्योति मिर्मिरे सामूहिक सहकारी संस्था लि (शाखा कार्यालय) | २ | ४३६ | ५३,१८,००० | |
| ८. | आदर्श आर्थिक बचत तथा ऋण सहकारी संस्था लि (शाखा कार्यालय) | २ | ४०० | १,५०,००,००० | |
| ९. | विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि (शाखा कार्यालय) | २ | २७२१ | २७,५०,४९,००० | |
| १०. | श्री भूमिमाता बहुउद्देश्यीय सहकारी संस्था लि | ४ | १३८ | ३४,०५,००० | |
| ११. | श्री रतनदेवि बहुउद्देश्यीय सहकारी संस्था लि | ४ | ३०७ | ५४,८४,०६९ | |
| १२. | श्री परिवर्तनशील डाँडागाउँ बहुउद्देश्यीय | ४ | ४१५ | ३५,४०,४०८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहकारी संस्था लि | | | | |
| १३. | श्री सरस्वती नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि | ४ | ८०१ | १,८०,००,००० | |
| १४. | श्री कालिका नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि | ४ | ५७५ | २,३७,९६,४७९ | |
| १५. | श्री शुभ कामना बचत तथा ऋण सहकारी संस्था | ४ | ४५ | २,३०,००० | |
| १६. | श्री गणेशस्थान नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि | ४ | ६९७ | ३,४४,५५,८७५ | |
| १७. | श्री काल्याकारी नारी चेतना | ५ | २२५ | ४२,१८,०४७ | |
| १८. | श्री जागरुक कृषि | ५ | १३७ | ३६,१८,७०३ | |
| १९. | कामिडाँडा बचत तथा ऋण सहकारी संस्था लि | ५ | ५०८ | ७४,९९,४७६ | |
| २०. | दक्षिण महाभारत बचत तथा | ५ | ७७ | १६,८९,०२९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ऋण सहकारी संस्था लि | | | | |
| २१. | दृष्टि चिया सहकारी संस्था लि | ५ | ५७ | ३,०३,२४९ | |
| २२. | भुग्देउ महिला बहुउद्देश्यीय सहकारी संस्था लि | ६ | २७७ | २७,८१,८५१ | |
| २३. | फलिफाप बचत तथा ऋण सहकारी संस्था लि | ६ | १५७ | ६,५२,९३८ | |
| २४. | नव सृजनशील महिला समूह | ६ | ७५ | १५,००,००० | |
| २५. | भुग्देउ बचत तथा ऋन सहकारी संस्था लि | ६ | ३०० | ३५,००,००० | |
| २६. | असल महाँकाल कृषि सहकारी संस्था लि | ६ | ९६ | १०,००,००० | |

# परिच्छेद ५ : सामाजिक अवस्था

## ५.१ शैक्षिक तथा मानव संशाधन विकास

बेथानचोक गाउँपालिका शैक्षिक अवसरको दृष्टिकोणले सम्पन्न छ । यस गाउँपलिकामा उच्च शिक्षाको लागि क्याम्पस र विद्यालयहरु सञ्चालन गरिएको छ । त्यसै गरी आधारभूत तह र माध्यमिक तहका सामुदायिक बिद्यालयहरु, नीजि स्कूल र बालविकास केन्द्र पनि संञ्चालन भएका छन् ।

### ५.१.१ चार वर्ष भन्दा माथिको साक्षरता विवरण

यस गाउँपालिकाको ४ बर्ष माथिको साक्षरता अवस्थालाई विश्लेषण गरिएको छ । जसअनुसार जम्मा जनसंख्या १८,३१७ रहेको छ । त्यसै गरी ४ बर्ष मुनीको बालबालिका ८२१ रहको छ । यस गाउँपालिकाको सरदर साक्षरता प्रतिशत ७०.०७- प्रतिशत रहेको छ । वडागत आधारमा साक्षरता अवस्थाको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४२: चार वर्ष माथिको साक्षरता विवरण

| वडा नं | जम्मा जनसंख्या | ४ वर्ष मुनिको जनसंख्या | निरक्षर | साक्षर |
|---|---|---|---|---|
| १ | १,४८६ | १०४ | ३४८ | १,०३४ |
| २ | ३,१५६ | २०२ | १,११६ | १,८३८ |
| ३ | २,१९८ | ११४ | ८२२ | १,२६२ |
| ४ | ३,९४१ | २४१ | १,१८९ | २,५११ |
| ५ | ३,४७९ | १५९ | १,०८९ | २,२३१ |
| ६ | ४,०५७ | १५१ | ७६ | ३,९२९ |
| **जम्मा** | १८,३१७ | ९७२ | ४६४० | १२,८३६ |

## ५.१.२ चार वर्ष र सो भन्दा माथिको शैक्षिक अवस्था

तालिका ४३: चार वर्ष माथिको शैक्षिक अवस्था

| वडा नं | कुनै पढाई लेखाई नभएको | साक्षर | प्रा. वि. | निम्न माध्यामिक (आठ कक्षा) | एस. इ. इ वा एस. एल. सी. | +२ पास | स्नातक | स्नातकोत्तर | विद्यावारिधी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५२ | ४८२ | २४९ | १५३ | ६२ | ४० | २४ | २४ | - |
| २ | १,३१८ | ५१७ | २३१ | २९८ | ४३९ | २०९ | ५८ | ६४ | २२ |
| ३ | ९३६ | ३८५ | १६९ | १७३ | ३१६ | १८५ | १७ | १४ | ३ |
| ४ | १,४३० | १,४९६ | ४११ | २३५ | २६० | ८५ | २१ | ३ | - |
| ५ | १,२४८ | १,१५८ | ५१० | २८१ | २१४ | ५५ | ५ | ४ | ४ |
| ६ | १,३७० | २,४६६ | १४७ | ४८ | ३१० | २०० | ९ | ५ | ५ |
| जम्मा | ६,७५४ | ६,५०४ | १,७१७ | १,१८८ | १,६०१ | ७७४ | १३४ | ११४ | ३४ |

### ५.१.३ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रा छात्रको विवरण

तालिका ४४: विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रको विवरण

| क्र.सं. | विद्यालय को नाम | शिशु कक्षा | | | कक्षा १-८ (आधारभूत) | | | कक्षा ९-१२ (माध्यमिक) | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | चक्रेश्वर मावि, च्याम्राङ बेसी | ८ | १२ | २० | ५६ | ५९ | ११५ | ४३ | २० | ६३ | १०७ | ९१ | १९८ |
| २. | चन्देवी प्रावि, थलागाउँ | ६ | ५ | ११ | १५ | २४ | ३९ | ० | ० | ० | २१ | २९ | ५० |
| ३. | बाघ भैरव प्रावि, कलासि | २ | ८ | १० | १२ | २२ | ३४ | ० | ० | ० | १४ | ३० | ४४ |
| ४. | भैरव मावि, झिंगे डाँडा | ६ | ७ | १३ | ४७ | ५८ | १०५ | २१ | ७ | २८ | ७४ | ७२ | १४६ |
| ५. | त्रिवेणी प्रावि, फुर्के थली | ० | १ | १ | ७ | १० | १७ | ० | ० | ० | ७ | ११ | १८ |
| ६. | पार्वती मावि | १० | ७ | १७ | १५५ | १६५ | ३२० | २०५ | १२१ | ३२६ | ३७० | २९३ | ६६३ |
| ७. | बालहित प्रावि | ५ | ६ | ११ | १९ | १८ | ३७ | ० | ० | ० | २४ | २४ | ४८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | जयराम प्रावि | ० | ० | ० | १७ | १४ | ३१ | ० | ० | ० | १७ | १४ | ५१ |
| ९. | कृष्ण गोपाल मावि, महाँकाल | ८ | ६ | १४ | ९७ | ७९ | १७६ | ३६ | ३२ | ६८ | १४१ | ११७ | २५८ |
| १०. | बेथानचोक आवि, बाहबिसे | ६ | ४ | १० | ४६ | ३८ | ८४ | ० | ० | ० | ५२ | ४२ | ९४ |
| ११. | ज्ञानज्योति प्रावि | ५ | ४ | ९ | २२ | १२ | ३४ | ० | ० | ० | २७ | १६ | ४३ |
| १२. | गोरखनाथ प्रावि | ६ | ४ | १० | १७ | ११ | ३३ | ० | ० | ० | २३ | १५ | ३८ |
| १३. | जनप्रिय प्रावि | ११ | ६ | १७ | १८ | १५ | ३३ | ० | ० | ० | २९ | २१ | ५० |
| १४. | सरस्वति मावि | ८ | ८ | १६ | ६२ | ५० | ११२ | २३ | ७ | ३० | ९३ | ६५ | १५८ |
| १५. | भुमिमाता मावि | ६ | १३ | १९ | ४५ | ५४ | ९९ | ९ | १६ | २५ | ६० | ८३ | १४३ |
| १६. | कालिका मावि | २ | ४ | ६ | ५५ | ५३ | १०८ | २१ | २२ | ४३ | ७८ | ७९ | १५७ |
| १७. | गणेश आवि | ० | ० | ० | ४४ | ३५ | ७९ | ० | ० | ० | ४४ | ३५ | ७९ |
| १८. | कपुर महांकाल आवि | ९ | २ | ११ | १७ | १४ | ३१ | ० | ० | ० | २६ | १६ | ४२ |
| १९. | नासुरी महांकाल आवि | ० | ० | ० | १३ | ११ | २४ | ० | ० | ० | १३ | ११ | २४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०. | आत्म विकास मावि | ११ | १२ | २३ | ८५ | ९० | १७५ | ६५ | ४० | १०५ | १६१ | १४२ | ३०३ |
| २१. | भिमसिनेश्वर मावि | २ | ४ | ६ | ६१ | ८१ | १४१ | १९ | १७ | ३६ | ८२ | १०२ | १८४ |
| २२. | कपेर आधारभुत विद्यालय | ६ | २ | ८ | ६४ | ३३ | ९७ | ० | ० | ० | ७० | ४१ | १११ |
| २३. | मिलन प्रावि | ० | ० | ० | १० | ९ | १९ | ० | ० | ० | १० | ९ | १९ |
| २४. | सरस्वति मावि | १० | १० | २० | १२३ | १२८ | २५१ | ४९ | २६ | ७५ | १८२ | २१३ | ३९५ |
| २५. | तावरी बुद्ध आदर्श प्रावि | ० | ० | ० | १३ | १७ | ३० | ० | ० | ० | १३ | १७ | ३० |
| २६. | बालउन्नती प्रावि | ८ | ८ | १६ | १७ | ३० | ० | ० | ० | | १३ | १७ | ३० |
| २७. | धन लक्ष्मीदेवी प्रावि | ० | ० | ० | ९ | ७ | १६ | ० | ० | ० | ९ | ७ | १६ |
| २८. | कालिदेवी प्रावि | ८ | ४ | १२ | ९ | १४ | २३ | ० | ० | ० | १७ | १८ | ३५ |
| २९. | सीता प्रावि | ७ | ६ | १३ | ३४ | १९ | ५३ | ० | ० | ० | ४१ | २५ | ६६ |
| ३०. | जम्मा | १५० | १४३ | २९३ | १,१८९ | १,१७० | २,३१६ | ४९१ | ३०८ | ८१२ | १,८२२ | १,६६८ | ३,४६३ |

तालिका ४५: क्याम्पसमा अध्ययन गरिरहेका तहगत छात्रको विवरण

| क्याम्पसको नाम | वडा नं | संकाय | पढाई हुने तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | जम्मा |
| पार्वती बहुमुखी क्याम्पस | २ | शिक्षा, व्यवस्थापन | स्नातक | १०० | ५० | १५० |

### ५.१.४ विद्यालय शान्ति क्षेत्र र विद्या सुधार योजना विवरण

स्थानीय तहको निर्वाचन पश्चात लामो समयदेखि रिक्त स्थानीय तहको नेतृत्व गर्दै जनप्रतिनिधीहरु निर्वाचित भएर स्थानीय क्षेत्रको समग्र विकास कार्यमा लाग्ने क्रममा स्थानीय नेतृत्वलाई यस बेथानचोक गाउँपालिकाको शिक्षा सम्बन्धी योजना निर्माण र कार्यान्वयनका लागि बिशेष नीति तथा कार्यक्रम आवश्क छ । शैक्षिक अवस्थाको विस्तृत जानकारी र विश्लेष पश्चात सहभागितात्मक रुपमा स्रोत पहिचान सहितको बिद्यालय सुधारका कार्यक्रमहरु गाउँपालिकाको प्राथमिकता क्षेत्रमा परेको छ। स्थानीय सरकार संञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको अलग्गै शिक्षा सम्बन्धी नीति पारित भईसकेको छ। शैक्षिक अवसर र पूर्वाधार विकासको लागि बजेट समेत विनियोजन गरिँदै आएको छ । यसका लागि गाउँपालिका, बिद्यालय, अभिभावक र सम्बन्धित सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा बिद्यालय सुधार योजना तयारी र त्यसमा समय सापेक्ष संशोधन आवश्यक छ । यसका लागि बिद्यालय शान्ति क्षेत्र आधार स्तम्भको रुपमा रहेको छ ।

### ५.१.५ छात्रवृत्ती तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था

तालिका ४६: छात्रवृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको विवरण

| क्र. सं. | विद्यालयको नाम | वडा नम्बर | छात्रालाई छात्रवृत्ती |
|---|---|---|---|
| १. | चक्रेश्वर मा.वि, च्याम्राङबेसी | १ | ४९ |
| २. | चन्देवी प्रा.वि, थलागाउँ | १ | १७ |
| ३. | बाघ भैरव प्रा.वि, कलासि | १ | १० |
| ४. | भैरव मा.वि, झिंगे डाँडा | १ | ५३ |
| ५. | त्रिवेणी प्रा.वि, फुर्के थली | १ | ४ |
| ६. | पार्वती मा.वि | २ | १६३ |
| ७. | बालहित प्रा.वि | २ | २० |
| ८. | जयराम प्रा.वि | २ | ४ |
| ९. | कृष्ण गोपाल मा.वि, महाँकाल | ३ | ८४ |
| १०. | बेथानचोक नारायण आ.वि | ३ | ४६ |

| | | | |
|---|---|---|---|
| ११. | ज्ञानज्योति प्रा.वि | ३ | २३ |
| १२. | गोरखनाथ प्रावि | ३ | १७ |
| १३. | जनप्रिय प्रा.वि | ३ | १७ |
| १४. | सरस्वति मा.वि | ४ | ७४ |
| १५. | भुमिमाता मा.वि | ४ | ६४ |
| १६. | कालिका मा.वि | ४ | ३९ |
| १७. | गणेश आ.वि | ४ | ३० |
| १८. | कपुर महांकाल आ.वि | ४ | १३ |
| १९. | नासुरी महांकाल आ.वि | ४ | १४ |
| २०. | नासुरी महांकाल प्रा.वि | ४ | |
| २१. | आत्म विकास मा.वि | ५ | ९२२ |
| २२. | भिमसिनेश्वर मा.वि | ५ | ९३ |
| २३. | कपेर आधारभुत विद्यालय | ५ | ६९ |
| २४. | मिलन प्रा.वि | ५ | १३ |
| २५. | सरस्वति मा.वि | ६ | १२२ |
| २६. | तावरी बुद्ध आदर्श प्रावि | ६ | २१ |
| २७. | बालउन्नती प्रावि | ६ | २८ |
| २८. | धन लक्ष्मीदेवी प्रा.वि | ६ | १५ |
| २९. | कालिदेवी प्रा.वि | ६ | २२ |
| ३०. | सीता प्रा.वि | ६ | ३३ |
| ३१. | बाल उन्नति प्रा.वि (सिउरानी) | ६ | - |
| जम्मा | | | २,०७९ |

## ५.२ स्वास्थ्य तथा पोषण

### ५.२.१ स्वास्थ्य संस्थाको विवरण

यस गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु अन्तर्गत स्वास्थ्य चौकी ५ वटा संचालित छन् । यी स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका प्राविधिक जनशक्तिले सेवा प्रवाह भईरहेको छ । यसै गरी निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा क्लिनिक तथा मेडिकल संचालनमा रहेको देखिन्छ। स्वास्थ्य चौकी वस्ती भन्दा टाढा रहेको स्थानहरुमा गाउँपालिका मार्फत सुलभ स्वास्थ्य पहुँचका लागि सामुदायिक स्वास्थ्य एकाईहरु संचालन शुरुवात गरिएको छ ।

### ५.२.२ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू

तालिका ४७: उपलब्ध स्वास्थ्य सेवा तथा सुविधाहरू

| **स्वास्थ्य संस्थाको नाम र ठेगाना** | **वडा** | **संस्थाको प्रकार** | स्वीकृत दरबन्दी | दरबन्दीको अवस्था | शैया संख्या | प्रसुती सेवा | ल्याब | क्लिनिक | एक्सरे | परिवार नियोजन | खोप सेवा | एस सिटि | परामर्श सेवा | सुरक्षितमातृत्व सेवा | रक्त संचालन सेवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| च्याम्राङवेशी स्वास्थ्य चौकी | १ | ३ | ६ | ४ | - | छ | - | - | - | छ | छ | - | १२ | छ | - |
| ढुंखर्क स्वास्थ्य चौकी | २ | ३ | ६ | ५ | - | छ | छ | - | - | छ | छ | - | १२ | छ | - |
| महांकालस्थान सामुदायिक स्वास्थ्य इकाई | ३ | १४ | ३ | ३ | - | - | - | - | - | छ | छ | - | १२ | छ | - |
| चलाल गणेशस्थान स्वास्थ्य चौकी | ४ | ३ | ६ | ५ | - | - | - | - | - | छ | छ | - | १२ | छ | - |
| च्यासिंखर्क स्वास्थ्य चौकी | ५ | ३ | ६ | ५ | - | - | - | - | - | छ | छ | - | १२ | छ | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पटगाउँबेशी सामुदायिक स्वास्थ्य इकाई | ४ | १४ | ३ | ३ | - | - | - | - | - | छ | छ | - | १२ | छ | - |
| पागु भुग्दे स्वास्थ्य चौकी | ६ | ३ | ६ | ५ | - | छ | - | - | - | छ | छ | - | १२ | छ | - |
| सिउरानी स्वास्थ्य इकाई | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ खानेपानीको स्रोतको विवरण

यस बेथानचोक गाउँपालिकामा उपयोग गरिने खानेपानी श्रोतको अवस्थालाई हेर्दा ३६.२६ प्रतिशत घरधुरीमा गाउँपालिका मार्फत वितरित मिटर जडित खानेपानी मार्फत खानेपानी उपभोग गर्ने गरेको देखिन्छ । त्यसै गरी ३६.१७ प्रतिशत घरधुरीले मूलको पानी, ९.५७ प्रतिशत घरधुरीले गाउँपालिका मार्फत धाराबाट वितरित तर स्थानीय मुहानको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ। त्यसै गरी १२.९१ प्रतिशत घरधुरीले कुवाको पानी प्रयोग गर्ने गरेको देखिन्छ। वडागत उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४८: खानेपानीको स्रोतको विवरण

| पिउने पानीको स्रोत | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा नं | कुवा | गाउँपालिका मार्फत धाराबाट वितरित तर स्थानीय मुहानको खानेपानी | गाउँपालिका मार्फत वितरित मिटर जडित खानेपानी | मूल वा धाराबाट | मुलको पानी | अन्य | |
| १ | १८ | ११५ | - | - | ११० | - | २४३ |
| २ | ६ | १२१ | १५६ | ११ | २२३ | - | ५१७ |
| ३ | - | ३० | ४१२ | - | - | १ | ४४३ |
| ४ | - | - | - | २७ | ७२६ | ४ | ७५७ |
| ५ | ३३८ | ५६ | ३३ | ६ | १३९ | ११८ | ६९० |
| ६ | ८२ | ७ | ६४६ | ८ | ४६ | - | ७८९ |
| **जम्मा** | ४४४ | ३२९ | १२४७ | ५२ | १२४४ | १२३ | ३४३९ |
| **प्रतिशत** | १२.९१ | ९.५७ | ३६.२६ | १.५१ | ३६.१७ | ३.५८ | १०० |

### ५.३.२ शौचालय प्रयोगको अवस्था

यस गाउँपालिकामा भएको घरधुरी मध्ये ९९.४८ प्रतिशत घरधुरीमा शौचालय प्रयोग गर्ने गरिएको छ । त्यस मध्ये ७०.०२ प्रतिशत घरधुरीमा मापदण्ड युक्त सेफ्टीट्याङ्की रहेको छ । अस्थायी वा खाल्डे शौचालय २०.६२ प्रतिशत घरधुरीमा छ भने ०.५२ प्रतिशत घरधुरीले शौचालय नभएको देखिन्छ । वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४९: शौचालय प्रयोगको विवरण

| वडा नं | शौचालय प्रयोगको अवस्था | | | | |
|---|---|---|---|---|---|
| | फलस भएको (सेप्टिक ट्यांकमा जोडिएको) | साधारण (सेप्टिक ट्यांकमा जोडिएको) | साधारण खाल्डे चर्पी | शौचालय नभएको | जम्मा |
| १ | - | १५२ | ८५ | ६ | २४३ |
| २ | ८६ | ४३१ | - | - | ५१७ |
| ३ | ३९ | ३७८ | २६ | - | ४४३ |
| ४ | ८७ | २६१ | ४०९ | - | ७५७ |
| ५ | ५७ | ४४२ | १८५ | ६ | ६९० |
| ६ | ३५ | ७४४ | ४ | ६ | ७८९ |
| जम्मा | ३०४ | २,४०८ | ७०९ | १८ | ३,४३९ |
| प्रतिशत | ८.८४ | ७०.०२ | २०.६२ | ०.५२ | १०० |

### ५.३.३ फोहोरमैला व्यवस्थापन

यस गाउँपालिका विभिन्न घरधुरीहरुबाट निस्कान हुने फोहोरमैला व्यबस्थापनको लागि प्रयासहरु शुरुवात भएको पाईन्छ। अधिकांश ग्रामीण क्षेत्रको फोहोरमैला व्यबस्थापनमा घरधुरीबाट उत्पन्न फोहरहरुलाई वर्गीकरण गर्ने र व्यबस्थापन गर्ने सम्बन्धमा यस बेथानचोक गाउँपालिका स्थानीय घरधुरीनै सकृय भएको देखिन्छ । यस गाउँपालिकाको ४२.४८ प्रतिशत घरधुरीले घरायसी फोहरलाई वर्गीकरण गरी निश्चित ठाउँमा विसर्जन गरेको पाइयो । त्यसै गरी भने २४.८६ प्रतिशत घरधुरीले फोहोरलाई कम्पोस्ट मल बनाउने गर्ने गरेको पाईयो।वडागत आधारमा उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५०: फोहोरमैलाको व्यवस्थापनको विवरण

| वडा नं | घरबाट निस्कने फोहोर फाल्ने | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नदी वा खोल्सामा | सडक छेउमा | फोहोर थुपार्ने ठाउँमा | आफ्नै घर कम्पाउण्ड भित्र | कम्पोस्ट मल बनाउने | सार्वजनिक स्थलमा | खासै निश्चित छैन |
| १ | १५ | - | २७ | २५ | १२१ | ३ | ५२ |
| २ | २ | - | ९६ | १६५ | १७३ | ६ | ७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | १९ | २९ | १४२ | ६२ | १७२ | १६ | ३ |
| ४ | ३२ | २६ | २९० | १९७ | १५५ | १७ | ४० |
| ५ | ६ | ५ | १४३ | १४४ | २३४ | ११ | १४७ |
| ६ | ५ | ९ | ५३९ | १७ | २२० | २ | २ |
| जम्मा | ७९ | ६९ | १२३७ | ६१० | १०७५ | ५५ | ३१९७ |

#### ५.३.४ ढल व्यवस्थापन

यस गाउँपालिका ग्रामीण वस्तीहरुमा व्यवस्थित ढल निर्माण गर्न सकिएको छैन भने निर्माण भएको कच्ची सडकहरुमा पनि व्यवस्थित नाली निर्माण भएको पाइदैन। सुरक्षित ढल निर्माण र व्यवस्थित बसोबास क्षेत्र विकास गाउँपालिका तथा वडा कार्यालयहरुको प्राथमिकतामा परको पाइएको छ ।

### ५.४ महिला, बालबालिका तथा सामाजिक समावेशिकरण

#### ५.४.१ लिंग, अनुसार बाल विवाह (१८ वर्ष मुनिका)

यस गाउँपालिकामा उमेर नपुगी विवाह गर्ने खासै परम्परा रहेको छैन। यद्यपी २० बर्ष मुनीको किशोर किशोरीहरु अभिभावकको स्वीकृति वेगर भागेर विवाह गर्ने गरेको पाईन्छ। यद्यपी कानूनी प्रावधानको कारण वैधानिक रुपमा विवाह दर्ताको लागि सम्बन्धित निकायहरुमा आउने गरेको भने पाईएन । बढ्दो खुल्ला समाज, मोवाइल प्रविधिको गलत प्रयोग र प्रजनन् स्वास्थ्य सम्बन्धी कम जानकरीको कारण बालविवाह गर्ने क्रमलाई न्यूनिकरण गर्न सकिएको पाइएन। यस प्रकारको बाल विवाहको तथ्याङ उपलब्ध हुन भने सकेन ।

### ५.५ युवा तथा खेलकुद र मनोरञ्जन

#### ५.५.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण

तालिका ५१: खेलमैदानको किसिम र उपयोग विवरण

| वडा नं | स्थलको नाम | उपयोग |
|---|---|---|
| १ | -- | |
| २ | नांगेचौर पिकनिक स्थल | पिकनिक |
| ३ | -- | |
| ४ | तिप्चोक खेल मैदान | खेलकुद |
| ५ | कामीडाँडा खेल मैदान | खेलकुद |
| ६ | सिमपानी खेल मैदान | खेलकुद |

### ५.५.२ व्यावसायिक खेलाडीको विवरण

यस गाउँपालिका क्षेत्रमा व्यवसायिक खेलाडीहरु उत्पादन तथा प्रशिक्षणको शुरुवात गरिएको छैन । तथापि नीजि प्रयास र आन्तरिक प्रतियोगितात्मक खेलहरुमा भने यँहाका खेलाडीहरुले आफ्नो प्रतिभा देखाउदै आएका छन्। विशेषगरी फूटवल, भलिवल, कराँते र दौडहरु यहाँ आयोजना गरिएको देखिन्छ । पछिल्लो समयमा यूवा खेलाडीहरु क्रिकेट खेल प्रति धेरै आकर्षण भएको देखिएको छ ।

### ५.५.३ युवाक्लव सम्बन्धी विवरण

यस गाउँपालिकामा स्थापना भई कृयाशिल रहेका स्थानीय यूवा समूह तथा यूवा क्लवहरु सामाजिक रुपन्तरणका लागि क्रियाशिल रहेका छन् ।बिशेष गरी समान उद्धेश्य र कार्यनीति तयार गरी सामुदायिक हितका लागि स्वयंसेवी रुपमा यी यूवा क्लवहरु कृयाशिल रहेका छन् । बार्षिक रुपमा स्वास्थ्य र मनोरञ्जनका लागि खेलकुद आयोजना तथा अन्य प्रतियोगिताहरु यी यूवा क्लवहरुले आयोजना गर्दै आइरहेको पाईन्छ ।

## ५.६ कला, भाषा तथा संस्कृति

यस गाउँपालिकामा मुख्यतया हिन्दु, बौद्ध धर्म मान्ने समुदायहरु/व्यक्तिहरु रहेकोले आफ्नो आफ्नो धर्म र संस्कृति अनुसारको चाडपर्वहरु मनाउने गर्दछन् । चाडपर्वहरुलाई लक्षित गरेर विभिन्न किसिमका मेलाहरु आयोजना गर्ने पनि गर्दछन् । यस्ता मेलाहरुलाई व्यवस्थित गर्दा आन्तरिक पर्यटन प्रर्वदनमा ठूलो टेवा पुग्ने देखिन्छ ।

### ५.६.१ धार्मिक तथा ऐतिहासिक स्थल

यस गाउँपालिकामा प्रसिद्ध धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू तल तालिकामा विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

तालिका ५२: धार्मिक तथा ऐतिहासिक स्थल सम्बन्धी विवरण

| वडा नं | धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू |
|---|---|
| १ | चिलम पुड्के महादेव, महांकालस्थान  मन्दिर, भैरवी मन्दिर, चक्रेश्वोर महादेव मन्दिर, बाघ भैरव मन्दिर, चन्देवी मन्दिर, तीनतले झरना, इन्द्रेणी झरना, रतन झरना, छ्यांग छ्यांग झरना |
| २ | शिव पार्वती गुफा, बुढा महांकाल, सिद्धेश्वर महादेव मन्दिर, मुक्तेश्वोर महादेव, श्री कृष्ण प्रणामी मन्दिर, त्रिबेणी शिव मन्दिर, पार्वतेश्वोर मन्दिर, भिमसेन मन्दिर पाथली, च्याम्तान्ते सागे गुम्बा, साङडुप गुम्बा |

| | |
|---|---|
| ३ | बेथानचोक नारायण थान , तामाङ परम्परागत संग्रहालय, घोडा बाँधे , क्षेत्रपाल बुढाँमहांकाल , गणेश मन्दिर, राधाकृष्ण मन्दिर, विन्दवासिनी मन्दिर, विश्वरुपेश्वोरी महादेव मन्दिर, श्वयतबराही मन्दिर, लक्ष्मी नारायण मन्दिर, गोरखनाथ मन्दिर , ज्याछ्रोन यिंगङपो छोलिङ गुम्बा, |
| ४ | चलाल गणेशस्थान, द्रौपदा मन्दिर. कालिका मन्दिर, सलादु खोला, रिओबुद्ध पाल्देन छोलिङ गुम्बा, च्योमतान्ते सांङे गुम्बा , भिमसेन मन्दिर, इन्द्रावती मन्दिर, पर्वातेश्वोर मन्दिर, सिद्दिदाता मन्दिर, बुढामहाँकाल मन्दिर, पाथीभरा मन्दिर, गणेश मन्दिर, सिधेश्वोर महादेव मन्दिर, फुलचोकी मन्दिर, विन्दवासिनी मन्दिर, दक्षिणकाली मन्दिर, राधाकृष्ण मन्दिर, स्याङदोपाल्की छोलिङ गुम्बा, पाथिभरा मन्दिर, सिम्ले छ्योर्तेन स्तुपा, टाँसी गुम्बा, टाँसी छ्योर्तेन, , नासुरी महाँकाल मन्दिर, कर्मदेक्षेन पाल्वर गुम्बा, माने डाँडा स्तुपा, सिक्रीघ्यांग भन्ज्यांगखर्क फुलचोकी मन्दिर |
| ५ | कपेर महांकाल गढि, थामडाँडा गढि, च्यासिङखर्क, देवी मन्दिर |
| ६ | भुग्देउ महांकाल मन्दिर, नारायण मन्दिर, गणेश मन्दिर, झाँकी मन्दिर, गुम्बा, काली मन्दिर, शिव पार्वती मन्दिर, महांकाल मन्दिर, देवीस्थान मन्दिर, कृष्ण मन्दिर, पशुपति मन्दिर |

### ५.६.२ स्थानीय चाडपर्व जात्रा र मेला

यस गाउँपालिकामा मुख्यतया हिन्दु, बौद्ध धर्म मान्ने समुदायहरु/व्यक्तिहरु रहेकोले आफ्नो आफ्नो धर्म र संस्कृति अनुसारको चाडपर्वहरु मनाउने गर्दछन् । चाडपर्वहरुलाई लक्षित गरेर विभिन्न किसिमका मेलाहरु आयोजना गर्ने पनि गर्दछन् । यस्ता मेलाहरुलाई व्यवस्थित गर्दा आन्तरिक पर्यटन प्रर्वदनमा ठूलो टेवा पुग्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा मनाइने मुख्य-मुख्य चाडपर्व र मेलाहरु यस प्रकार रहेका छन् ।

तालिका ५३: स्थानीय चाडपर्व

| क्र. सं. | मुख्य मुख्य चाडपर्व | चाडपर्व पर्ने/मनाइने महिना | मनाउने स्थान | विशेषताहरू |
|---|---|---|---|---|
| १ | दसैं, तिहार | असोज, कार्तिक | सबै वडा | मठ मन्दिर सिंगार्ने, धार्मिक विधि पुर्वक देवीको अर्चना गर्ने, हिन्दु संस्कृति अनुसार मान्यजनहरुबाट टिका, जमरा आर्शिवाद ग्रहण गर्ने, दाजु भाइले दिदी बहिनीबाट ससरङ्गी टिका तथा आर्शिवाद लिने दिने द्यौसी, भैलो कार्यक्रम सहित मनोरन्जनपूर्ण तरीकाले मनाइने |

| | | | | |
|---|---|---|---|---|
| २ | वैशाख पुर्णिमा | वैशाख | सबै वडा | देवाली पूजा |
| ३ | सिठी गठेमंगल | जेठ | सबै वडा | कुल देवताको पूजा, बिरुवा तथा अन्न बाली रोपेको जमिनमा मल हाल्ने |
| ४ | साउने संक्रान्ति | श्रावण | सबै वडा | साउने संक्रान्ती खास गरी हिन्दू धर्मसँग सम्बन्धित परम्पराका चाडहरूलाई भित्राउने भनाइ छ । यस दिन असारे वर्षात, हिलोबाट लाग्न सक्ने रोगबाट जोगिन लुतो फाल्ने प्रचलन छ । फलफूल, नैवेद्य चढाएर कण्डारक नामक राक्षसको पूजा गर्नाले दाद, लुतो, खटिरा जस्ता छाला जन्य रोगबाट बच्न सकिने विश्वासका रहि आएको छ । |
| ५ | जनै पूर्णिमा | भाद्र | सबै वडा | रक्षा बन्धन गरि मठ मन्दिर पूजा गरी जनै फेर्ने |
| ६ | तीज | भाद्र | सबै वडा | हिन्दु महिलाद्धारा शिव पार्वतीको आराधना गरी मन्दिरमा नाच गान गरी मनाइने , मेलाहरु आयोजना गर्ने |
| ७ | माघे संक्रान्ति | माघ | सबै वडा | विभिन्न पवित्र नदी तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाई मनाइन्छ । । |
| ८ | फागुन पूर्णिमा जात्रा | फागुन | सबै वडा | रंगहरुको पर्व होली खेली मनाइने |

## ५.७ शान्ति तथा सुरक्षाको अवस्था

यस गाउँपालिका भित्र वडा नं २ ढुंखर्कमा एक मात्र प्रहरी चौकी रहेको छ ।

तालिका ५४: प्रहरीचौकीको विवरण

| क.स. | वडा नं | विवरण |
|---|---|---|
| १ | २ | च्याम्राङ्गवेशी प्रहरी चौकी, ढुंखर्क |

# परिच्छेद ६: वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको अवस्था

यस गाउँपालिकामा भित्र रहेको वनको अवस्थालाई यस शिर्षकमा विश्लेषण गरिएको छ । यस गाउँपालिका मध्य पहाडी भेगमा पर्ने भएकाले चिलाउने, उत्तिस, सल्ला, कटुस जस्ता रुखका जातहरु अधिकाशं मात्रमा पाइन्छ । तल्ला भेगमा कडाजातका सालका रुखहरु भएको जंगल रहेको पनि रहेको छ। गाउँपालिकाको भू-उपयोगको अवस्थालाई भौगोलिक सूचना प्रणालीमा आधारित नक्साबाट पनि प्रस्तुत गरिएको छ ।

### ६.१.१ वन क्षेत्र र प्रकार सम्बन्धी विवरण

यस गाउँपालिकाको कुल भूभागको ७६.२१ प्रतिशत भूभाग जङ्गलले र ०.०३ प्रतिशत बुट्यान तथा चरण क्षेत्रले ओगटेको पाइन्छ । अधिकांश क्षेत्र वन तथा चरण क्षेत्र रहेकाले पशुपालन व्यवसायको लागि उपयुक्त रहेको छ । साथै यस गाउँपालिका भित्रका पदमार्गहरुको अधिकांश क्षेत्र जङ्गलको मार्ग भएकाले जङ्गली जनावर, चराचुरुङ्गी, जडिबुटी तथा वनस्पतिहरु देख्न पाइन्छ ।

### ६.१.२ वन व्यवस्थापन सम्बन्धी विवरण

हाल गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५५: वन व्यवस्थापन सम्बन्धी विवरण

| क्र. सं. | सामुदायिक वन |
|---|---|
| वडा नं १ | |
| १) | महांकाल थान सामुदायिक वन |
| वडा नं २ | |
| १) | भरंगे सामुदायिक वन |
| २) | कालापानी सामुदायिक वन |
| ३) | खहरे सामुदायिक वन |
| ४) | जनजागृति सामुदायिक वन |
| ५) | चोरंडे सामुदायिक वन |
| वडा नं ३ | |
| १) | भुसुनेपाखा सामुदायिक वन |
| २) | गोरखनाथ सामुदायिक वन |
| वडा नं ४ | |
| १) | कालापानी सामुदायिक वन |

| | |
|---|---|
| २) | चयनडाँडा सामुदायिक वन |
| ३) | डुकुल्चे अमिलचौर सामुदायिक वन |
| वडा नं ५ | |
| १) | चिसापानी  सामुदायिक वन |
| वडा नं ६ | |
| १) | सिउरेनी सामुदायिक वन |
| २) | गोलगाउँ  सामुदायिक वन |
| ३) | भन्ज्यांग खर्क सामुदायिक वन |
| ४) | मेदम्सु सामुदायिक वन |
| ५) | भुग्देउ सामुदायिक वन |
| ६) | सोल सामुदायिक वन |
| ७) | तावारी सामुदायिक वन |
| ८) | धारापख सामुदायिक वन |

### ६.१.३ वृक्षारोपणका लागि खाली स्थान सम्बन्धी विवरण

यस गाउँपालिका भित्र बृक्षारोपणको लागि अलग्गै तोकिएको ठाउँ नभएपनि खाली डाँडा पाखा बृक्षारोणको लागि संभावना युक्त क्षेत्र रहेको छ ।यसै गरी सामुदायिक वन क्षेत्र भित्रको पुराना र जीर्ण रुखहरुलाई व्यबस्थापन गरी नयाँ वन लगाउन सकिने संभावना रहेको छ ।

### ६.१.४ वनजन्य उत्पादन विवरण

यस गाउँपालिकाबाट क्षेत्रभित्रबाट उत्पादन हुने वनजन्य उत्पादनहरुमा खाना पकाउन इन्धनको रुपमा प्रयोग हुने दाउरा, घरनिर्माणको लागि प्रयोग हुने काठ लगायतको निर्माण सामग्री, छाना छाउन प्रयोग हुने खर, फर्निचरको लागि काठ आदि रहेका छन् ।त्यसैगरी पशुवस्तुको लागि स्याउला, घाँस यी वनहरुबाट उत्पादन हुने गर्दछ ।

### ६.१.५ जडिबुटिको उत्पादन, संकलन तथा निकासी सम्बन्धी विवरण

यस गाउँपालिकाको जङ्गल, बुट्यान तथा झाडी क्षेत्रमा लौठसल्ला, ठिग्रे सल्ला, विस्वामा, लोक्ता, झ्याउ, सुगन्धवाल, चिराइतो, मजिठो, कुरीलो, आदि जडिबुटीहरु पाइन्छन् । यस गाउँपालिका क्षेत्र भित्रबाट व्यवसायिक रुपमा जडिबुटी उत्पादन तथा निकासी हुने गरेको पाईदैन ।सामुदायिक वनको बार्षिक कार्ययोजना अनुसार स्वीकृति प्राप्त भएका जडिबुटी संकलन र निकासी कार्ययोजना अनुसारनै हुने गरेको पाइएको छ।

## ६.२ जलस्रोत तथा जलाधार क्षेत्र

यस गाउँपालिकाको जलाधार क्षेत्र वडा अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५६: नदी तथा खोला सम्बन्धी विवरण

| क्र. सं. | खोला | स्थान | हालको प्रयोग |
|---|---|---|---|
| १ | दुर्लुन खोला | वडा नं १ | सिँचाई |
| २ | छन्छन् खोला | वडा नं १ | सिँचाई |
| ३ | लड्कु खोला | वडा नं ५ | सिँचाई |
| ४ | भुग्देउ खोला | वडा नं ६ | सिँचाई |

## ६.३ जैविक विविधता र वातावरणीय सेवा

यस गाउँपालिका भौगोलिक रुपमा पहाडी क्षेत्र भएको हुनाले जैविक विविधतामा पनि सम्पन्न छ। भौगोलिक विशेषताका आधारमा यहाँ पाईने जनावार र चराचुरुङ्गी र बोटविरुवामा समेत फरकपन पाईन्छ।

### ६.३.१ बासस्थानको आधारमा महत्वपूर्ण जनावर

यस गाउँपालिका क्षेत्रभित्र विभिन्न प्रकारका प्रमुख स्तनधारी वन्यजन्तुहरु पाइएका छन् जसमा कतिपय राष्ट्रिय महत्वका छन् । तर बढ्दो वन अतिक्रमणका कारण कतिपय जन्तुहरु लोप हुदै गएको पनि पाइन्छ । बदेल, मृग, वादर, खरायो, दुम्सि जस्ता जनावरहरुले खेतीवालीमा हानि गर्ने गरेको देखिन्छ । यसको दीर्घकालिन समाधानको लागि वैकल्पिक उपाय अवलम्बन गर्नु पर्ने देखिन्छ भने कतिपय स्थानमा कृषि प्रणालीमा परिर्वतन पनि गर्न सकिन्छ।

#### ६.३.१.१ वन्यजन्तु

यस गाउँपालिका क्षेत्रभित्र पाईने वन्यजन्तुहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५७: गाउँपालिका भित्र पाइने स्तनधारी जन्तुहरूको विवरण

| क्र. सं. | वन्यजन्तु |
|---|---|
| १ | स्याल |
| २ | दुम्सी |
| ३ | बाँदर |
| ४ | चितुवा |
| ५ | खरायो |
| ६ | मृग |
| ७ | मलसाप्रो |
| ८ | बँदेल |

| | |
|---|---|
| ९ | बिरालो |
| १० | सालक |

### ६.३.१.२ चराचुरुङ्गीहरू

यस गाउँपालिका क्षेत्रभित्र पाईने चराचुरुङ्गीहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५८: गाउँपालिका भित्र पाइने चराचुरुङ्गीहरूको विवरण

| क्र. सं. | चराचुरुङ्गीहरू |
|---|---|
| १ | कालिज |
| २ | काग |
| ३ | परेवा |
| ४ | ढुकुर |
| ५ | जुरेली |
| ६ | न्याउली |
| ७ | कोइली |
| ८ | लाम्पुछ्रे |
| ९ | भंगेरा |
| १० | चिल |

### ६.३.१.३ सरीसृप, जलचर तथा उभयचर प्राणी

यस गाउँपालिका क्षेत्रभित्र पाईने सरीसृप, जलचर प्राणीहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५९: गाउँपालिकामा पाइने सरीसृप, जलचर तथा उभयचरहरू

| क्र. सं. | जलचर | सरीसृप | उभयचर |
|---|---|---|---|
| १ | असला माछा | सर्प | भ्यागुता |
| २ | बाम माछा | गोहोरो | गँगटा |
| ३ | कत्ले माछा | छेपारो | पाहा |
| ४ | | माउसुली | |
| ५ | | भालेमुङ्ग्रो | |
| ६ | | हरेउ साँप | |

## ६.३.२ महत्वपूर्ण वनस्पति विवरण

### ६.३.२.१ जडिबुटि प्रजाति

भौगोलिक तथा हावापानीको विविधताले गर्दा जडीबुटी खेतीको लागि यो क्षेत्र उपयुक्त मानिन्छ तर उचित प्रविधिक ज्ञानको कमीले गर्दा जडीबुटीको संरक्षण र यसबाट चाहेजति फाइदा लिन सकिएको छैन। यस गाउँपालिका क्षेत्रमा पाइने जडीबुटीहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

### ६.३.२.२ प्रमुख जडीबुटी प्रजातिहरूको विवरण

तालिका ६०: प्रमुख जडीबुटी प्रजातिहरूको विवरण

| क्र. सं. | जडीबुटी प्रजाति |
|---|---|
| १ | लौठसल्ला |
| २ | ठिग्रे सल्ला |
| ३ | विस्वामा |
| ४ | लोक्ता |
| ५ | झ्याउ |
| ६ | सुगन्धवाल |
| ७ | चिराइतो |
| ८ | मजिठो |
| ९ | कुरिलो |

### ६.३.२.३ रुख प्रजाति

भौगोलिक तथा हावापानीको विविधताले गर्दा यहाका रुखहरु अति महत्वका तथा विविध प्रकारका छन् । यहाँ अति मूल्यवान रुख प्रजातिहरुमा साल, चिलाउने, कटुस आदि छन्। वढ्दो जनसंख्या, कृषिको लागि जमीन, बढ्दो चोरी निकाशी, अनियमितरुपमा वन फडानीले गर्दा यहाँ भएका मूल्यवान रुखहरु दिन प्रतिदिन लोपहुने अवस्थामा पुगेका छन् । गाउँपालिका क्षेत्रमा पाइने रुख प्रजातिहरुको विवरण तल दिइएको छ ।

तालिका ६१: गाउँपालिका क्षेत्रमा पाइने प्रमुख रुख प्रजातिका वनस्पतिहरूको विवरण

| क्र. सं. | रुख प्रजाती |
|---|---|
| १. | सल्ला |
| २. | उत्तिस |
| ३. | चिलाउने |
| ४. | कटुस |
| ५. | सिमल |
| ६. | खयर |
| ७. | गुराँस |
| ८. | साल |
| ९. | लोक्ता |
| १०. | गोब्रे सल्ला |
| ११. | खस्रु |

### ६.३.३ राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र

यस बेथानचोक गाउँपालिकाको कुनैपनि क्षेत्र वा भूभाग राष्ट्रिय निकुञ्ज र यसको प्रभावित क्षेत्रभित्र पर्दैन । सामुदायिक वन धेरै भएपनि यी सवै समुदायको सकृयतामा कार्ययोजना अनुसार संचालित र व्यवस्थापन गरिएको छ ।

## ६.४ विपद् जोखिम व्यवस्थापन

जल तथा मौषमजन्य प्रकोपका अतिरिक्त मानवीय असावधानी तथा चेतना स्तरको कमीले जनधनको क्षति भएको देखिएको छ। विगत बर्षहरुमा बिशेष गरी पहिरोले वस्तीमा क्षति पुर्याएको पाईएको छ । त्यस्तै अन्य प्राकृतिक प्रकोपले पनि मानवीय क्षति हुने गरेको छ । यस बाहेक पछिल्लो समयमा जलबायु परिवर्तन र यसका असरहरुले समुदायको आयश्रोतको प्रमुख माध्यम कृषिमा नकारात्मक असर पर्न थालेको पूर्व संकेतहरु देखा पर्न थालेका छन ।

### ६.४.१ जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण

यस गाउँपालिकामा जोखिम युक्त क्षेत्र तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६२: जोखिमयुक्त (संवेदनशिल स्थानमा बसोबास गरेका परिवार) विवरण

| क्र. सं. | जोखिमयुक्त स्थान | घरधुरी संख्या | | | |
|---|---|---|---|---|---|
| | | पहिरो | बाढी | भिरालो जमिन | जम्मा |
| १. | च्याम्राङवेशी | २५ | - | ४५ | ७० |
| २. | खोरथली | ७ | - | - | ७ |
| ३. | गणेशस्थान | ५ | - | - | ५ |

### ६.४.२ विपद्/प्रकोपबाट विगत एक वर्षमा भएको मानवीय क्षतिको विवरण

यस गाउँपालिकामा विपद/प्रकोपबाट विगत एक वर्षमा भएको मानविय क्षतिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६३: विपद्/प्रकोपबाट विगत एक वर्षमा भएको मानवीय क्षतिको विवरण

| क्र. सं. | स्थान | प्रकोप | मिति | मानविय क्षति | प्रभावित घरधुरी |
|---|---|---|---|---|---|
| १ | चलाल गणेशस्थान | पहिरो | २०७९-०५-३० | २ महिला र १ पुरुषको मृत्यु | १ |

### ६.४.३ विपदको किसिम अनुसार जोखिमको समय

यस गाउँपालिकाका विपद्को किसिम अनुसार जोखिमको समय निम्नानुसार रहेको छ ।

तालिका ६४: विपदको किसिम अनुसार जोखिमको समय विवरण

| क्र. सं. | आगलागी | बाढी डुबान | पहिरो | जंगली जनावरबाट क्षती | सर्पको टोकाइ | शितलहर |
|---|---|---|---|---|---|---|
| १ | चैत्र, वैशाख | असार, श्रावण, भाद्र | असार, श्रावण, भाद्र | श्रावण, भाद्र | असार, श्रावण, भाद्र | पुस, माघ |

### ६.४.४ विपदबाट क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधार विवरण

यस गाउँपालिकाको विगत एक वर्षमा विपद् बाट ठूला सार्वजनिक संरचना क्षति भएको पाइएन । तथापि पहिरोका घटना बाट निजी आवासहरूमा क्षति भएको पाइएको छ।विगत एक वर्षका विपद्/प्रकोपबाट भएको भौतिक क्षतिको विवरण निम्नानुसार रहेको छ।

तालिका ६५: विपदबाट क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधार विवरण

| विपदका प्रकार | क्षति भएका |
|---|---|
| आगलागी | ० |
| भारी वर्षा | ० |
| पहिरो | १ |
| हावा हुरी | ० |
| **जम्मा** | १ |

### ६.४.५ विपद व्यवस्थापनको पूर्व तयारी

